सबैका लागि स्तरीय
# शिक्षा
Quality Education For All
शिक्षा पत्रकार समूहको त्रैमासिक बुलेटिन, वर्ष १, अंक १, मंसिर-माघ, २०६१

यस भित्र


- शिक्षामा गैससहरू के गर्दैछन् ? -पृष्ठ २
- नाफामूलक विद्यालयहरू पूर्णतः बन्दै गरिनुपर्छ : त्रिविका पूर्व उपकुलपति केदारभक्त माथेमाको अर्न्तवार्ता -पृष्ठ ३
- अस्पष्टताको कुहिरो : राजेन्द्र महर्जनको लेख -पृष्ठ ४
- दैनिक पत्रिकामा शिक्षाका मुद्दा -पृष्ठ ६
- शिक्षा क्षेत्रमा सरकारका तीन महिना -पृष्ठ ७
- बालिकाहरूलाई शिक्षा दिने हो ? : भूपराज खड्काको रिपोर्टिङ -पृष्ठ १२


# झन् थपिदैंछन् चुनौती

● **भूवन के. सी.**

*"शिक्षा सर्वैभन्दा शक्तिशाली हतियार हो जसले विश्वलाई नै परिवर्तन गर्न सक्छ।"*

**– नेल्सन मण्डेला**

सबैका लागि शिक्षा कार्यक्रममा नेपाल सहभागी भएको डेढ दशक पुगेको छ। यस अवधिमा सबैका लागि शिक्षा क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रम गरिए पनि झण्डै ६ लाख बालबालिका अझै विद्यालय शिक्षाको पहुच भन्दा बाहिर छन्।

प्रारम्भिक बालविकास, प्रौढहरूलाई आधारभुत शिक्षाको पहुँच प्राथमिक तथा माध्यमिक शिक्षामा लैंगिक विभेद अन्त्य, शैक्षिक गुणस्तरमा सुधार, सबै युवा तथा प्रौढहरूलाई उपयुक्त शिक्षा प्रदान गर्नुका साथै जीवनपयोगी सीप कार्यक्रममा समान पहुँचको व्यवस्था गर्न सरकार चुकेको छ।

सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा भएको शिक्षा सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनदेखि सबैका लागि शिक्षा कार्यक्रम सुरु भएको हो। शिक्षा विना विश्वमा विकास सम्भव छैन भन्ने निश्कर्षका साथ सुरु गरिएको यस अभियानमा विश्वका एक सय ५० भन्दा बढी राष्ट्रहरू एकमत भएका थिए। नेपालसमेत सहभागी रहेको सम्मेलनले छ वटा उद्देश्य निर्धारण गरेको थियो:-

- शिशु स्याहार तथा विकास कार्यक्रमको विस्तार।
- सन् २००० सम्ममा प्राथमिक शिक्षामा पहुँच तथा त्यसको पुर्णता।
- सन् २००० सम्म महिला साक्षरतालाई प्राथमिकता दिदै सन् १९९० मा रहेको प्रौढ निरक्षरता दरलाई आधा घटाउने।
- निर्धारित उपलब्धिको स्तरलाई प्राप्त गर्दै सिकाइ उपलब्धिलाई विकसित गर्ने।
- आधारभूत शिक्षाको विस्तार र प्रौढ तथा युवाहरूलाई तालिम दिने।
- दिगो विकासका लागि आवश्यक पर्ने ज्ञान, सीप र मूल्यको आदान-प्रदानलाई विकसित गर्ने।

सम्मेलनका सहभागीले सन् २००० सम्ममा सबैका लागि शिक्षा कार्यक्रमलाई सफल पार्ने प्रतिबद्धता जाहेर गरेका थिए। पूर्वनिर्धारित समयमा वचन पूरा गर्न नेपालमात्र होइन, चीन, भारत लगायत विश्वका अधिकांश देश असफल रहे। नेपालमा सबैका लागि शिक्षाको प्रतिबद्धता पूरा गर्ने बेलासम्म आउँदा विद्यालय जाने उमेरका झण्डै तीस प्रतिशत बालबालिका शिक्षाको पहुँच बाहिरै थिए।

सबैका लागि शिक्षा कार्यक्रमलाई लक्षित गरी प्राथमिक शिक्षा विकास परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम लागू गरिए। राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रमको समीक्षा गर्न राष्ट्रिय शिक्षा आयोग गठन, स्रोत केन्द्रको विकास, प्रत्येक विद्यालयमा एक शिक्षिका राख्ने कार्यको थालनी गरियो। मातृभाषामा शिक्षा हासिल गर्ने वातावरण, शिक्षा विभागको गठन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् स्थापना, शिक्षा नीति र पाठ्यक्रममा परिवर्तन लगायतका काम भए।

सन् १९९१ मा मुलुकमा प्राथमिक विद्यालयको संख्या १८ हजारबाट बढेर सन् २००० मा २५ हजार पुग्यो भने २८ लाख ८४ हजार बालबालिकाले विद्यालय शिक्षा हासिल गरेकोमा सन् २००० मा ३७ लाख ८० हजारभन्दा बढी बालबालिका विद्यालय पुगे। साक्षरता प्रतिशत ५५ पुग्यो। लैङ्गिक असमानता हटाउने र जीवनोपयोगी सीप आर्जनमा पनि केही प्रगति भयो। तर, कुनै पनि उद्देश्यमा अपेक्षित उपलब्धि हासिल हुन सकेन। त्यसनिम्ति निम्न कारणहरू रहेको देखिन्छ:-

**सबैका लागि शिक्षा**

- काममा भन्दा गफमा बढी केन्द्रित।
- अस्थिर राजनीति।
- केन्द्रमुखी कार्यक्रम।
- शिक्षाका सबै कार्यक्रमबीच तालमेल नहुनु।
- समुदायको भूमिकालाई गौण ठानिनु।
- परम्परावादी कार्यप्रणाली हुनु।
- शिक्षकहरूमा जागिरे मानसिकता हावी हुनु।
- सरकारी र गैरसरकारी संस्थाहरूबीच तालमेल नहुनु।
- राजनीतिक दलहरू र तिनको स्थानीय निकायहरूलाई परिचालन गर्न नसक्नु।
- सूचना शक्ति हो भन्ने कुरालाई महसूस गरी आमसञ्चार माध्यमलाई परिचालन गर्न नसक्नु।
- नेतृत्वमा इमान्दारिता नहुनु ।
- पर्याप्त साधन स्रोत जुटाउन नसक्नु।

दश वर्षअघि जोम्टेन सम्मेलनले पारित गरेका उद्देश्यहरू पूरा नभएको अवस्थामा सन् २००० मा सेनेगलको डकारमा फेरि अर्को सम्मेलन आयोजना गरियो। सम्मेलनले एक दशकमा प्रारम्भिक बाल विकासका कार्यक्रम विस्तार, विद्यालय जाने

*(बाँकी नवौं पानामा)*

छड्के

## ललितपुर शिक्षा कार्यालयको त्यो दिन

'सरकारका सबै निकाय र कार्यालयबाट जनतालाई हुनुपर्ने सेवा/सुविधा छिटो छरितो एवं प्रभावकारी हुनुपर्छ' भन्ने कुरा केवल कोरा आदर्श मात्रै भएका छन्।

मुलुकमा सर्वाङ्गीण विकासका लागि भूमिका निर्वाह गर्ने दायित्व मानिने शिक्षा क्षेत्रलाई प्रशासनिक तवरबाट हुने गरेको ढिलासुस्ती र लापरवाहीका उदाहरण संकलन गर्ने तयारीका साथ जिल्ला शिक्षा कार्यालय ललितपुरमा मिति २०६१ माघ १३ गते कार्यालय समयमा हामी पुग्दा स्थिति निराशाजन पाइयो।

श्री ५ को सरकार शिक्षा तथा खेलकूद मन्त्रालयले तय गरेको नीति र कार्यक्रम लागू गर्ने निकायमध्ये सम्बन्धित जिल्लाको लागि जिल्ला शिक्षा कार्यालय एक मात्र प्रमुख र जिम्मेवार निकाय हो। त्यस्तो निकायको प्रमुख अर्थात् जिल्ला शिक्षा अधिकारी नै आफ्नो कार्यकक्षमा नआई छोडेर लगातार २ घण्टासम्म निवासमै हिटर तापेको देखिनु बिडम्वनायुक्त कुरा हो। शिक्षा सभ्यताको मुहान हो भन्ने स्व. श्री ५ वीरेन्द्रको भ्याङको दाहिनेपट्टी भित्तामा लेखिएको अभिव्यक्तिले गिज्याइरहेको थियो। समयको शिक्षा चाहिँ कहिलेदेखि लागू हुन्छ होला भन्ने त्यहाँ काम लिएर उपस्थित व्यक्तिहरू प्रश्न गरिरहेका थिए।

नजिकैको नेशनल चिल्ड्रेन स्कूलका विद्यार्थीले कक्षा कोठामा पढ्न थालिसकेका थिए। तर उनीहरूका लागि काम गर्ने सरकारी पदाधिकारीहरूको अत्तोपत्तो थिएन। जिशिअ यादवको कार्यकक्षको पश्चिमपट्टीका झ्यालका पर्दाहरू खुल्ला गरिएको थियो भने उत्तरतर्फका झ्यालका पर्दाहरू खुलाइएका थिएनन्। उत्तरतर्फका पर्दा खुलाउँदा स्कूलका विधार्थीले जिशिअको कुर्ची अबेरसम्म नै खाली देख्ने हुनाले त्यसो गरिएको हो भन्ने शंका यथार्थसँग नजिक रहेको बुझ्न सकिन्थ्यो।

ललितपुरका तत्कालीन जिल्ला शिक्षा ▶

# शिक्षामा गैससहरु के गर्दैछन् ?

***शिक्षा क्षेत्रको विकासका लागि भनेर नेपालमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका मनग्य गैरसरकारी संस्थाहरू पनि क्रियाशील छन् । ती संस्थाहरू के–के गर्दैछन् त ? प्रस्तुत छ, तीमध्ये २ वटा गैससहरूले उपलब्ध गराएको जानकारीः***

## बालविकास समाज

बालविकास समाजले विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन गर्दै आएको छ । विद्यालय सहयोग कार्यक्रम (छात्रवृति) अन्तर्गत गलैंचा कारखाना कर्मचारीका वालवच्चाहरू , वालश्रमिक, खानीमा काम गर्ने र जोखिमतममा परेका ७०० वालवालिकाहरूको लागि खास गरेर अनौपचारिक शिक्षाका कार्यक्रमहरू सम्पन्न गरेको छ । प्राम्भिक वालविकास केन्द्र अन्तर्गत ५० जना गलैचा कामदारका बच्चाबच्चीहरू, १६० घरेलु वालमजदुरहरू र १०० जना ढुगां खानीमा काम गर्ने वालवच्चाहरूको लागि पनि काम भएको छ । यसको प्रतिफलमा विद्यालय जाने क्रममा बृद्धि भएको, यौनकार्यमा संलग्नतामा कमी आएको, महिलाहरू बेंचिने क्रममा कमी आएको र पैसा संगाल्ने बानीको विकास भएको देखिएको छ ।

जोखिममा परेका वालवच्चाहरूलाई अनौपचारिक शिक्षा अन्तर्गत गलैंचा कारखाना कर्मचारीका वालवच्चा, वालश्रमिक, खानीमा काम गर्ने र जोखिमतममा परेका १०० वालवालिकाहरूको लागि काम पनि भैरहेको छ । समूह व्यवस्थापन समिती गठन गरी वालवच्चालाई उचित शिक्षा प्रदान गरिएको छ । २९ जना गलैंचा कारखाना कर्मचारीका वालवच्चा, वालश्रमिकलाई व्यवसायिक सीप तालिम दिइएपछि व्यवासायिक अवसरहरूको विस्तार भएको छ । भक्तपुरका १० सरकारी विद्यालयहरूका अभिभावक शिक्षक संघलाई दिइएको तालिममा अभिभावक शिक्षकहको उत्साहजनक सहभागिता रहेको थियो भने १० प्रअलाई गुणस्तरीय शिक्षा संबन्धि प्याकेज कार्यक्रम र ४ पुस्तकालय निर्माण कार्य पनि सम्मपन्न भएको छ ।

आगामी कार्यक्रमः २८० जना १४ वर्षमाथिका वालबच्चालाई व्यवसायिक सीप सीलाइ बुनाई, कलाकृति, साइकल रिपेयरिङ, ड्राइभिङ तालिम दिने, अनौपचारिक शिक्षाबाट विद्यालय भर्नादर बढाउने, भक्तपुर जिल्लाका ३ विद्यायलमा पुस्तकालय स्थापना गर्ने, १० विद्यालयमा अभिभावक शिक्षक संघलाई तालिम दिई आयआर्जन कार्यक्रम संचालन गर्ने वालविकास समुहका आगामी योजनाहरू रहेका छन् ।

## सामुदायिक विकास प्रवर्तन केन्द्र

सामुदायिक विकास प्रवर्तन केन्द्रले विगत १५ वर्ष देखि प्रौढ, महिला, बाल शिक्षा कार्यक्रमका लागि पाठ्य तथा तालिम सामग्री निर्माण तथा वितरण, विभिन्न स्तरको तालिम संचालन, अध्ययन अनुसन्धान, प्रवर्तनात्मक कार्यक्रम निर्माण कार्यमा सरकारी तथा गैरसरकारी सामाजिक संस्थाहरूसंग निकट सम्बन्ध राखी कामगर्दै आइरहेको छ । शहरी/बालकेन्द्रित बालशिक्षा प्रशिक्षक प्रशिक्षण, प्राथमिक विद्यालय शिक्षक तालिम, सामुदायिक मध्यस्थता/मेलमिलाप तालिम जस्ता तालिमहरू यसका कार्यक्रमहरू हुन् । अनौपचारिक शिक्षा केन्द्रबाट संचालन भैरहेको वैकल्पिक शिक्षा कार्यक्रममध्येको एक अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमको पहिलो, दोस्रो र तेस्रो तहको लागि पाठ्यसामग्री निर्माण तथा पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम स्रोत पुस्तिका निर्माण, बालकेन्द्रित शिक्षण सिकाइ पद्धति अनुसार बाल शिक्षा कार्यक्रम संचालनका लागि अक्षरपत्ति अंकपत्ति, शब्दपत्ति, शब्दचित्र पत्ति, पकेट बोर्ड, जस्ता शैक्षिक सामग्री, निर्माण तथा गुणात्मक शिक्षाका लागि समग्र विद्यालय शिक्षा पद्धति तालिम पुस्तिका, बालकेन्द्रित पद्धतिमा आधारित प्राथमिक शिक्षा शिक्षक तालिम पुस्तिका निर्माण पनि गरेको छ ।

युनिसेफद्वारा सञ्चालित सहरी बाल शिक्षा तथा बालकेन्द्रित बालशिक्षा कार्यक्रमको उपलब्धि मूल्यांकनका लागि नवलरासी, सुनसरी, उदयपुर, मोरंगका ५० बाल शिक्षा केन्द्रको अध्ययन-अनुसन्धान कार्य सम्पन्न भएको छ । अनौपचारिक शिक्षा केन्द्र अन्तरगत संचालित वैकल्पिक शिक्षा कार्यक्रमको “सुधारात्मक मूल्यांकन” अध्ययन कार्य इलाम, काभ्रे, कपिलवस्तु र कञ्चनपुर जिल्लामा सम्पन्न भएको छ । मूलतः शिक्षासँग सम्बन्धित संस्था भएको हुँदा, यससंस्थाले आफूलाई शिक्षास्रोत केन्द्रको रुपमा स्थापित गरेको छ । अनौपचारिक शिक्षासंग सम्बन्धित प्रतिवेदन मूल्यांकन, अध्ययन तथा पाठ्यसामग्रीहरू संकलन गरी यस संस्था अन्तर्गत सामग्री स्रोत केन्द्र निर्माण भएको छ । प्लान नेपाल र निर्धन उत्थान बैंक लिमिटेड, सिद्धार्थनगर भैरहवासंग सहकार्य गर्दै ग्रामीण महिलाहरूको शैक्षिक, सामाजिक क्षमता अभिवृद्धिका लागि सचेतनाकरण कार्यमा सेवा दिन पाठ्यक्रम, क्षमता अभिवृद्धि सत्र योजना-पुस्तिका, निर्देशिका , पोष्टर , स्वास्थ्य, सरसफाइ र वातावरणसंग सम्बन्धित फ्लीपचार्ट, सृजनात्मक चित्र, आदि सामग्रीहरूको निर्माण र प्रयोग गरेको छ । ■

अधिकारी बलिरामप्रसाद सिं ‘केयर टप’ विद्यालयका १४ विद्यार्थीले एसएलसी परीक्षा दिन नपाएको प्रकरणपछि सरुवा भएपछि उहाँको स्थानमा खटाइएका यादवले हिटर ताप्दा उता गाडिमा कठाङ्गिदै उहाँलाई कुर्नेहरूको धैर्य गुमिसकेको थियो ।

त्यसो त विहान ९:०० बजेबाट सुरु हुनुपर्ने कार्यालय ९:३० बजेसम्म गेटमात्र खुलेको थियो । कार्यालयको पहिलो तलाको कोठा नम्बर ४ र ५ मा रहेको विद्यालय प्रशासन तथा तथ्याकं शाखा बाहेक अरु कुनै पनि कार्यकक्ष समयमा खुलेका थिएनन् । भूईंतलाका कोठामा शाखा अधिकृतहरू गोविन्दप्रसाद रेग्मी र विष्णु थापाको ‘नेम प्लेट’ मा ‘भित्र’ देखाइए पनि उहाँहरू १०: १५ बजे मात्र देखा पर्नुभएको थियो । त्यतिञ्जेलसम्म खुलेका कोठाहरूमा कर्मचारी उपस्थित नभएपनि नेमप्लेटमा चाहिँ भित्र देखाइएको थियो । भित्र देखाइएको नेमप्लेट हेरेर हतारहतार भित्र पस्नेहरू हस्सिएर त्यसै फर्कन बाध्य थिए । अधिकृत रेग्मीको खाली कोठामा हिटरको आगो भने दन्किरहेको थियो । कोठा नंम्बर १ र २ मा रहेको परीक्षा फाँट पनि १०: १५ बजेसम्म खुलेको थिएन । कोठा नम्बर ११ र १२ को लेखा फाँट १२:०० बजे मात्र खुलेको थियो ।

जिल्ला शिक्षा अधिकारी यादव साढे एघार बजेमात्र कार्याकक्षमा प्रवेश गर्नुभयो । त्यसपूर्व उहाँलाई प्रतीक्षाका सोफामा बसेकाहरू मध्ये केहीले माथ्लो तलामा नै गएर ‘हजूर मेरो फलानो काम के भयो’ भनिरहेका थिए । जिशिअ यादव कार्यालयमा भने प्रतिक्षा गर्दा गर्दै दिक्क भएका प्रतिक्षारत मानिसहरू कौशीको मधुरो घामतर्फ लागेपछि त कर्मचारीले उहाँको कार्यालयको ढोके लगाइदिएका थिए ।

आफ्नो काम समयमै गराउन नपाएका लगनखेलका प्रकाश श्रेष्ठले भने ‘यस्तो चालले शिक्षा कहिले माथि पुग्छ ?’

कार्यशैलीप्रतिको वेवास्ता र ढिलासुस्तीप्रति शिक्षा अधिकारी यादवको भनाइ छ–‘काम चापाचाप थिएन, तसर्थ विस्तारै भरेको हुँ, मैले माथि बसेर पनि काम गरिरहेको थिएँ ।’

● **प्रकाश सिलवाल/भूपेन्द्र तिम्सिना**



# नाफामूलक विद्यालयहरू पूर्णत: बन्द गरिनुपर्छ



तस्वीरहरू: विकास कार्की

**केदारभक्त माथेमा । त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति एवम् जापानका लागि पूर्व नेपाली राजदूत । उहाा हाल एस.एल.सीमा बहुसंख्यक विद्यार्थीहरू अनुत्तीर्ण हुनुको कारण र त्यसले पारेको असर पहिल्याउन अध्ययनमा व्यस्त हुनुहुन्छ । प्रस्तुत छ, माथेमासाग नेपालको शिक्षाका समस्याहरू र त्यसको निराकरणका विषयमा केन्द्रित रही गरिएको कुराकानी:-**

***अहिलेको शिक्षाप्रति सबैतिरबाट व्यापक रुपमा असन्तुष्टि प्रकट भएको छ । तपाईं हाम्रो शिक्षा प्रणालीमा के कस्ता त्रुटीहरू रहेको देख्नुहुन्छ ?***

अहिले प्राथमिक तहदेखि विश्वविद्यालयको तहसम्म शिक्षाको स्तर एकदमै खस्कदो छ । हाम्रो शिक्षा प्रणालीमा धेरै त्रुटिहरू छन् । त्यसमध्ये मुख्यत हाम्रो शिक्षाले सफल भन्दा असफल युवाहरू पैदा गर्न सफल भएको छ । एस.एल.सीको नियमित परीक्षामा करीव ७० प्रतिशत विद्यार्थीहरू अनुतीर्ण हुन्छन् । विश्वविद्यालय तहमा पनि कुनै विभागमा त १५/२० प्रतिशत मात्र उतीर्ण भएका पाईन्छन् । परीक्षाको नतिजा स्तर मापन गर्ने महत्वपूर्ण कडी हो । तर यो नै सबै थोक होइन । यहाँ त हुनेखाने वर्गकाहरूका लागि निजी क्षेत्रका एकदमै सुविधा सम्पन्न शिक्षालयमा एक किसिमको गुणस्तरीय शिक्षा उपलब्ध छ भने दुई तिहाई संख्यामा रहेका विद्यार्थीहरूले पढ्ने सार्वजनिक विद्यालयहरूमा त्यो खालको गुणस्तर छैन । यसले त समाजमा विशाल वर्गीय खाडल सृजना गरेको छ । यो हाम्रो शिक्षा प्रणालीको अर्को एकदमै असह्य पक्ष हो ।

***अहिले हामीले दिईरहेको शिक्षा कति स्तरीय र जीवनयोगी छ ? विद्यार्थीको मूल्यांकन बार्षिक परीक्षा प्रणालीद्वारा मात्र गरिनु कतिको सान्दर्भिक होला ?***

यो एकदम सान्दर्भिक प्रश्न हो । शिक्षा स्तरीय नभएको कुरा त एस.एल. सी तथा विश्वविद्यालयको डिग्री प्राप्त गरी सकेका विद्यार्थीहरूको स्तरबाट नै थाहा हुन्छ । शिक्षालाई हामीले जीवनपयोगी पनि त्यति बनाउन सकिरहेका छैनौं । त्यसो हुनाको कारण हाम्रो पढाई, पाठ्यक्रम र परीक्षा ज्यादै पाठ्यपुस्तक मुखी भएको हो । हामीले न स्कूल स्तरमा न विश्वविद्यालय स्तरमा पढाईलाई जीवन सापेक्ष बनाउन सकेका छौं । मूल्याङ्कनको कुरा गर्दा विद्यार्थीहरूको मूल्याङ्कन त सधैं भईरहन पर्छ । मूल्याङ्कन वार्षिक परीक्षाको आधारमा मात्र गर्नु वैज्ञानिक रुपले आजकल अमान्य भईसकेको छ । मूल्याङ्कनमा सुधार ल्याउन पाठ्यक्रम, पढाउने विधि र परीक्षामा व्यापक सुधार आउन पर्दछ ।

***नेपालमा सरकारी स्कूलको स्तर एकदमै राम्रो नहुनुको कारण के हुन सक्छ ?***

नेपालमा सरकारी स्कूल स्तरीय हुन नसक्नुको कारण धेरै छन् । धेरै सरकारी स्कूलले पर्याप्त शिक्षकहरू नपाउनु । पाए पनि उनीहरूलाई शैक्षिक सहयोग सरकारी निकायवाट पुर्‍याउन नसक्नु । धेरै जसो विद्यालयहरूमा कमजोर नेतृत्वको कारण व्यवस्थापन राम्रो नहुनु । शिक्षकहरूमा आफ्नो कामप्रति विभिन्न कारणले लगनशीलताको कमी हुनु । जनसमुदायलाई स्कूल र शिक्षाप्रति बढी जागरुक बनाउन नसक्नु । विद्यालयको सफलता वा असफलतामा कसैले पनि जिम्मेवारी नलिने वा कसैलाई पनि जिम्मेवारी नदिने हुनु । सरकारी विद्यालयकरुको श्रोत ज्यादै न्युन हुनु र सरकारी विद्यालयको सुधारमा कसैको पनि खास चासो र वचनवद्धता नहुनु हो ।

***तर भनिन्छ जापान, डेनमार्क, स्वीडेन जस्ता देशहरूमा सरकारी स्कूलहरूको स्तर राम्रो हुन्छ । त्यसको कारण के हुन सक्छ ?***

यी राष्ट्रहरूमा सरकारी विद्यालयहरू राम्रो चल्नुको मुख्य कारण प्राय सबैजसोको छोराछोरीहरू सरकारी विद्यालयमा पढ्छन् र सरकारी विद्यालयको पठन पाठनमा मुलुक सिंगैको चासो रहन्छ । ती राष्ट्रहरूमा प्रथमत: शिक्षकहरूको छनौट र तालीम राम्रो हुन्छ र भर्ना भएपछि पनि उनीहरूलाई सरकारी निकायहरूबाट अटुट शैक्षिक सहयोग पुर्‍याईन्छ ।

***निजी विद्यालयका विद्यार्थीहरूको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूले जीवनमा धेरै अभावहरू झेल्दै संघर्ष गर्दै जीवनलाई व्यवहारिक रुपमा बुझ्दै अघि बढेका हुन्छन् । खासमा उनीहरूमा अंग्रेजी भाषाको आधारभूत ज्ञानमा कमी भएका कारण मात्र बोर्डिङ विद्यालयहरूसित प्रतिस्पर्धामा उत्रन नसकेका होइनन् र ?***

वास्तवमा सरकारी विद्यालयका विद्यार्थीहरू गाउँ, पाखा–पखेराको अभाव र अभावका कारणले गर्नुपरेको अनिवार्य संघर्षका कारण धेरै व्यवहारिक र परिपक्व भएका हुन्छन् । उनीहरूमा राजनैतिक चेतना हुन्छ, देशप्रतिको जिम्मेवारीबोध पनि हुन्छ । देशमा अहिले के भैराखेको छ भन्ने कुरा उनीहरूलाई थाहा हुन्छ । पत्रिका पढ्ने, समाचार सुन्ने बानी उनीहरूमा पाइन्छ । यही कुराहरू निजी विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई त्यति चासो हुदैंन । निजी विद्यालयका धेरै जस्तो विद्यार्थीहरूलाई आफ्नो पढाई र *करिअर*मा मात्र रुचि हुन्छ । उनीहरूमा समसामयिक र व्यवहारिक ज्ञानका क्षेत्रमा पछाडि भएको महसुस हुन्छ । अंग्रेजी भाषामा भने सरकारी स्कूलका विद्यार्थीहरू कमजोर पाइन्छन् । यसको मुख्य कारण भनेको सरकारी स्कूलहरूमा पर्याप्त अंग्रेजी पढाउने दक्ष शिक्षकहरू नहुनु र अंग्रेजी पढाईमा त्यति ध्यान अथवा जोड नदिनाले पनि हो । यसको अलवा सरकारी स्कूलमा पढ्ने छात्रछात्राहरू कक्षा कोठा बाहिर निजी विद्यालय पढ्ने छात्रछात्राहरूको दाँजोमा अग्रेजी सुन्ने, बोल्ने, पढ्ने मौका धेरै कम पाउँछन् ।

***त्यसो भए किन बोर्डिङ स्कूल राम्रो र सरकारी स्कूल नराम्रो भनेर बारम्बार भनिदैं छ त ?***

राम्रो र नराम्रो भनेर जाँच्ने कसीको रुपमा एसएलसीको परिणामलाई लिएर हेर्दा निजी विद्यालयको राम्रो प्रतिशत आएको देखिन्छ । सरकारी स्कुलको अनुत्तीर्ण दर बढी छ । परीक्षाको तयारी कक्षाहरू निजी विद्यालयमा एकदमै राम्रो तवरले गराइन्छ । तर सरकारी विद्यालयहरूमा त्यस्तो गरिदैन । राम्रो पढाइ नहुने र विद्यार्थीले जाने नजानेको राम्ररी ख्याल नगर्ने हिसाबले हेर्दा सरकारी विद्यालयलाई राम्रो भन्न मिल्दैन । तर खालि एसएलसीको परीक्षाप्रति केन्द्रित भएर गराइने अध्यापनमा निजी विद्यालयहरू सफल देखिए पनि ▶

त्यो क्षेत्रका धेरैजसो विद्यार्थीहरूमा सामाजिक संचेतनाको अभाव भएको पाइन्छ । औषत दृष्टिले भन्नुपर्दा निजी विद्यालयका उत्पादनहरू सरकारी विद्यालयबाट पढेर आएका मानिसहरूको दाँजोमा सामाजिक सेवा, राजनीति र यस्ता अन्य सामाजिक क्षेत्रमा कम शिक्षित र जागरुक भएको पाइन्छ ।

***हालको परीक्षाप्रणालीमा परिवर्तन गरेर विद्यार्थीहरूको ज्ञान, सीप, दक्षता, प्रतिभा र मूल रुपमा सामाजिकीकरणका दृष्टिले मूल्यांकन गर्ने हो भने अहिले आएको परिणाम फरक आउला नि ?***

त्यो त अवश्य पनि आउँछ । गर्नुपर्ने पनि त्यही हो । विद्यालय स्तरमा मात्र नभई उच्च शिक्षाको तहमा पनि हामीले विशेष गरी जाँच्ने भनेको ज्ञान हो । यसमा पनि तहको कुरा आउँछ । सबैभन्दा तल्लो तह भनेको पुर्नसंकलन (recollection) हो । यसमा एसएलसीदेखि लिएर मास्टर्स तहसम्मका विद्यार्थीहरूलाई परीक्षण गर्छौं । यसमा सृजनशीलता, समस्या समाधान, आफ्नो धारणा र अभिव्यक्ति गर्ने जस्ता कुराहरूको जाँच गर्ने खालको प्रश्नपत्र नै हामी बनाउँदैनौं । यदि हामीले विद्यार्थीहरूको सम्भना शक्तिको जाँच नगरी उनीहरूको विषयवस्तुलाई वस्तुगत र व्यवहारिक ढंगले विश्लेषण गर्न सक्ने तथा नयाँ सोच राख्न सक्ने क्षमताको परीक्षण गर्ने हो भने परीक्षाको परिणाम जरुर फरक आउन सक्छ ।

***शिक्षामा बढ्दो वर्गीय खाडल पुर्न अब के गर्नु पर्ला ?***

अब साँच्चै नै वर्गीय खाडल पुर्ने हो भने सबै भन्दा पहिला त नाफामूलक विद्यालयहरू पूर्णतः बन्द गरिनु पर्छ । निजी क्षेत्रको भए पनि नाफा कमाउने गरी विद्यालय खोल्न अनुमति दिनै हुदैन । अनि सरकारी स्कूलहरूलाई सुधार्न सरकार र सम्पूर्ण राष्ट्रको वचनवद्वता चाहिन्छ । अहिले लागू भईरहेको सरकारी स्कूललाई दिने अनुदानको ढाँचामा पनि फरक आउनुपर्छ होला । सरकारी स्कूलहरूले पनि सरकारले पाएको अनुदान बाहेक समुदायको गक्ष अनुसार केही हदसम्म विद्यार्थीहरूबाट शुल्क उठाउन सक्ने व्यवस्था हुनुपर्छ । गरीब समुदायको स्कूलहरूमा सम्पन्न समुदायको स्कूलभन्दा बढी सरकारी आर्थिक सहयोग जान पर्ने आवश्यकता हुन्छ । सरकारको विद्यालय स्तरको शिक्षामा एक मात्र उद्देश्य भनेको नेपालको सबै बालबालिकाहरूलाई स्तरीय समान शैक्षिक अनुभव (common educational experience) दिनेहुनुपर्छ ।




***मन्त्री, राजनैतिक नेता र सरकारी कर्मचारीका छोराछोरीहरूलाई सरकारी स्कूलमा पठाउने हो भने सार्वजनिक शिक्षामा तुरुन्तै सुधार आउथ्यो कि ?***

यदि सबैका छोराछोरीहरू सरकारी स्कूलमा जाने हो भने शिक्षामा जरुर पनि सुधार आउँछ । हाम्रो देशमा त हुने खाने र शासकका छोराछोरीलाई एउटा व्यवस्था र जनताका छोराछोरीलाई अर्को भएकै कारणले सरकारी स्कूलहरू बिग्रेको हो ।

***यही ढंगले चल्ने हो भने आगामी बीस वर्षमा नेपालको शैक्षिक स्थिति र समाज कस्तो होला भन्ने अनुमान गर्नुहुन्छ ?***

यसैगरी चल्न दिने हो भने त अकल्पनीय ढंगले वर्गीय खाडल बढेर जानेछ । केही मान्छेहरूले अन्तराष्ट्रिय स्तरमा राम्रो काम पाउँछन् । हाइफाईका साथ उनीहरूको जीवन चलेको हुन्छ । यसले बाँकीहरूको जीवनस्तर अत्यन्त न्यून भएर जान्छ । तर मलाई लाग्छ अब लामो समयसम्म यो वर्ग विभेद नरहला । अब बहुसंख्यकलाई समेट्नै पर्छ । यहाँ मान्छेहरूले सार्वजनिक क्षेत्रमा प्रणाली बसाउन सकेनन् । जसले गर्दा आफ्ना छोराछोरीको लागि मात्र भएपनि निजी क्षेत्रको विकल्प सोचेका हुन् । तर अब सबैमा चेतनाको विकास भैसकेको छ कि निजी क्षेत्रका शिक्षाले मात्र मुलुकको शिक्षालाई समेट्न सक्दैन र यो सबैको पहुँचमा पुग्न सक्दैन । अब गल्ती सुधार गर्न ढिलो गर्नुहुँदैन ।

***हामीकहाँ सार्वजनिक क्षेत्रमा शिक्षाको स्तर सुधार्ने नाममा यति धेरै विदेशी लगानी भित्रिसक्दा पनि अपेक्षित परिणाम हासिल हुन सकिरहेको देखिदैन । लगानी अनुसारको प्रतिफल आउन नसक्नुको कारण के के हुन सक्छन् भन्ने लाग्छ ?***

अपेक्षित परिणाम आउन नसकेको मुख्य कारण त धेरै परियोजनाहरूले विद्यालय संचालनमा र कक्षा कोठाभित्र हुने पढाईमा खास सुधार ल्याउन नसक्नाले हो । दातृ संस्थाहरूको सहयोगमा धेरै कुरामा सुधार आएको छ तर मूलभूत कुरा कक्षा संचालनमा र विद्यालय व्यवस्थापनमा खास सुधार आएन ।

***वि.सं २०५८ सालको जनगणना अनुसार अभैपनि ४६ प्रतिशत जनताहरू निरक्षर छन् । स्कूल जाने उमेरका र उमेर नाघिसकेका गरी सबैलाई प्राविधिक र व्यवसायिक शिक्षा दिएर सक्षम र सबल बनाउने नीति बनाएर लागू गर्न जरुरी भैसकेको होईन ?***

यो सवालमा राज्यको गम्भीर ध्यानाकर्षण हुनु पर्ने हो । मलाई लाग्छ, हरेक कक्षामा अनिवार्य तर फरक खालको व्यवसायिक विषय राखिनु पर्छ । जसले गर्दा कक्षैपिच्छे नयाँ नयाँ प्राविधिक र व्यवसायिक विषयको जानकारी विद्यार्थीहरूलाई हुँदै जान्छ । विद्यालय जाने विद्यार्थीहरूलाई यसरी समेट्दै जाने र जो विद्यालय जानबाट बञ्चित र गाउँघरबाट जागीरको खोजीमा शहर बस्ने गरेका छन् । त्यस्ताहरूका लागि *पकेट एरियामा* सीप विकास केन्द्र संचालन गरेर तिनीहरूलाई समावेश गराउनुपर्छ । गाउँमा आफ्नो परम्परागत सीप र व्यवसाय गरेर बसेका व्यक्ति एक्कासी शहरमा पस्दा त उसको सीप त्यत्तिकै प्रयोगमा नआउन सक्छ । त्यसको लागि उक्त व्यक्तिलाई शहरी क्षेत्रमा चाहिने सीप र तालिमको व्यवस्था गर्न सक्नुपर्छ । विदेश जाने नेपाली कामदारहरूलाई श्रम मन्त्रालयले आधारभूत तालीमहरू दिएर मात्र पठाउनु पर्छ । जब उनीहरू सत्तरी हजार तिरेर जान तयार छन् भने थप पाँच हजार लिएर केही सीप सिकाएर भरपर्दो ठाउँमा




पठाउने हो भने उनीहरूको ठूलो कल्याण हुन्छ ।

***हाम्रो देशको उच्च शिक्षा खासगरी त्रिभुवन विश्वविद्यालयको स्तर राम्रो के कारणले हुन सकिरहेको छैन ?***

त्रिवि धेरै रोगबाट ग्रस्त छ । पढाइको स्तरको कुरा गर्दा विद्यार्थी दबावको कारण धान्न नसकिने संख्याभन्दा बढी विद्यार्थी कक्षा कोठामा हुनु । सरकारी नीति प्रष्ट नभएको कारण र विद्यार्थी राजनितीले गर्दा विद्यार्थीको अनुपातमा प्रर्याप्त श्रोत त्रिविले जुटाउन नसक्नु । व्यवस्थापन कमजोर भएको कारणले होस् वा विद्यार्थी राजनीतिको कारणले होस् वा शिक्षकहरूको कारणले होस्, शिक्षण नियमित ढंगले नहुनु । शिक्षक वा पाठ्यक्रमको कारण वा परीक्षा प्रणालीको बाध्यता वा श्रोतको कमीको कारणले पढाई चाहे जति राम्रो हुन नसक्नु ।

***तपाई आफैं पनि त्रि.विको उपकुलपति भैसक्नुभएको छ । आफ्नो कार्यकालमा यस्ता व्यवहारिक पक्षमा के कति सुधार गर्न भ्याउनु भो र कति भ्याउनु भएन ?***

त्रिविको व्यवहारिक पक्षमा थोर बहुत सुधार गर्न मैले कोसिस गरेको थिएँ । शैक्षिक क्यालेन्डर अपनाउन नसके पनि जाँच लिने समय भने नियमित हुन सक्यो । त्यस्तै आई.एससी देखि एम. एससीसम्म प्रवेश परीक्षा लिएर मात्र भर्ना गर्ने व्यवस्था सुरु भयो । तीन बर्षे स्नातक कार्यक्रम संचालन गर्न पाठ्यक्रम बनाउने काम सुरु भयो । विश्वविद्यालयको आय स्रोत बढाउन ट्युसन शुल्कमा बृद्धि गरी cost recovery rate ६ प्रतिशतबाट बढाएर १२ प्रतिशत पुऱ्याइयो । गैर शैक्षिक कुराहरूमा हुने खर्च कटौती भयो । क्याम्पसहरूलाई शैक्षिक गुणस्तमा सहयोग मिलोस् भन्ने हेतुले आफ्नो जग्गाबाट आउने आम्दानी क्याम्पसकै खातामा राख्ने व्यवस्था भयो । यसले गर्दा शंकरदेव र काठमाण्डौंका केही क्याम्पसहरलाई खास लाभ पुग्न गयो । विश्वविद्यालयको शहरमा रहेको जग्गाहरूलाई पनि लिजमा दिने तयारी सुरु गरियो । धेरै अरु बृहत् सुधारको कार्यक्रमहरू पनि तय भयो तर कार्यान्वयन हुन अगावै मैले विश्वविद्यालय छाड्नु पऱ्यो ।

● **सुदर्शन घिमिरे**

# अस्पष्टताको कुहिरो !

**उसका सामान्य व्यवहारमा, विशेषतः शिक्षासाग गासिएका काम–कारबाहीमा आलोच्य सैन्यवादी पक्ष बेसी देखिएका छन् । युद्धका लागि शिक्षा, शिक्षालय र शिक्षार्थीलाई उपयोग गर्ने, सैन्य प्रशिक्षणका लागि विद्यालय नै बन्द गराउने, सैन्यबलका आधारमा जोरजबरजस्ती गरी विद्यार्थी र शिक्षकलाई सैन्यदस्तामा भर्ती गर्ने, उनीहरूको दिमागमा भाषण, नारा र उपदेश बैंकमा पैसा जम्मा गरेजस्तै बचत गरेर दीक्षित गर्नेजस्ता अलोकतान्त्रिक प्रवृत्ति उसका सामान्य व्यवहारमा नराम्ररी प्रकट भएका छन् ।**

■ राजेन्द्र महर्जन

*“जब म घुम्दै एकदिन गाउँको पाठशालामा पुगें, त्यहाँ देखें- खुट्टा भाँच्चिएका कुर्सीमाथि चढेर निदाइरहेका र निद्रामा बर्बराइरहेका मास्टरहरू र मास्टरहरूको आदेशबमोजिम लोरी गाइरहेका साना, दुब्ला र ख्याउटे विद्यार्थी । जब म फर्किरहेको थिएँ, कसैले सोध्यो- ‘कसरी चलिरहेछ गाउँको पाठशाला ?’ मैले भनें- ‘जसरी चलिरहेछ यो देश !”*

– **मीनबहादुर बिष्ट**

हो, देश जसरी चलिरहेको छ, त्यसरी नै चलिरहेको छ, यहाँको राज्य पक्षको शिक्षा प्रणाली पनि । राज्यप्रणाली जस्तो छ, त्यस्तै छ त्यसको शैक्षिक पद्धति पनि । एक भाषा, एक धर्म, केही जातिको वर्चस्वयुक्त केन्द्रीकृत, नोकरशाही, एकात्मक ढाँचाको रोगले ग्रस्त ! ठोस र कठोर राज्यप्रणालीजस्तै अलोकतान्त्रिक, अवैज्ञानिक, गैरजनमुखी छ- यहाँको शिक्षा प्रणाली पनि ।

राणा शासनकालदेखि निरंकुश पञ्चायती व्यवस्थाको अवसानपछि स्थापित बहुदलीय संसदीय प्रजातन्त्रमा पनि यसको मूल चिन्तन र चरित्र पहिलेजस्तै अलोकतान्त्रिक, बहुलताविरोधी र सत्तामुखी नै रहनु निश्चितरूपमा दुर्भाग्यपूर्ण यथार्थ हो । कटु वास्तविकता के हो भने राज्यसत्ताको सुदृढीकरणसँगै त्यस सत्तामाथि आसीन मुठ्ठीभर अभिजात वर्गको सशक्तिकरणलाई टेवा दिने उपयोगी औजारको रूपमा यसलाई प्रयोग गरेको पाइन्छ, अधिकांश गरिखाने जनताद्वारा आफ्ना समस्या सुल्झाउने योग्यता र विश्वास बढाउने उपक्रमलाई रोकथाम गरेर । र, जनता, त्यसका अविभाज्य अवयवका रूपमा रहेका विद्यार्थी, शिक्षक, अभिभावक र समाजको सशक्तिकरणलाई भाँजो हाल्नकै लागि यसलाई सशक्त सांस्कृतिक हतियारको रूपमा उपयोग गरिएको छ । महिला, दलित, जनजाति, अल्पसंख्यक भाषाभाषी र धर्मावलम्वी, मधेसी तथा दुर्गम क्षेत्रका गरिब जनतालाई साधन, स्रोत, सामर्थ्य र सत्ता-शक्तिबाट वञ्चित गर्ने जादूगरी वा मायावी मेसिनका रूपमा यसको दुरुपयोगले राज्यसत्ताकै चिन्तन र चरित्रलाई छर्लङ्ग्याइरहेको छ ।

यस्तो राज्यसत्ता र शिक्षा प्रणालीकै कारणले लोकतन्त्रको स्थापना र जनताको सशक्तिकरणका लागि यहाँ पटक पटक संघर्ष र विद्रोह भएका छन्, जसको पछिल्लो ज्वलन्त उदाहरण हो- माओवादी जनयुद्ध । यस युद्धको क्रममा नेकपा (माओवादी) ले अहिले मूलतः पुरानो राज्यसत्ताको विध्वंस र वैकल्पिक नयाँ जनसत्ताको सिर्जना गरिरहेको छ । सँगसँगै उसले पुरानो शिक्षा प्रणालीको विस्थापन र नयाँ जनवादी शिक्षाको अभ्यास गर्न थालिरहेको छ, जसमा मूलपक्ष ध्वंसकै छ, निर्माणको पक्ष कमजोर ।

आधार इलाकामा जनसत्ताको अभ्यास गरिरहेको दाबी गर्ने माओवादीको मुख्य राजनीतिक लक्ष्य हो- जनवादी व्यवस्था वा जनताको जनवादी गणतन्त्रात्मक राज्यसत्ता संस्थागत गर्नु । यही उद्घोषसहित युद्धरत माओवादीले पुरानो शिक्षा पद्धतिलाई फ्याँकेर नयाँ जनवादी शिक्षा लागू गर्नुलाई आफ्नो शैक्षिक-सांस्कृतिक उद्देश्यको रुपमा प्रस्तुत गरेको छ । र, उसले आफूले शासन गर्ने आधार इलाकास्तरीय जनसत्ताहरूमा नयाँ जनवादी शिक्षा लागू गर्न थालेको दाबी पनि गरेको छ ।

अतः यहाँ सवाल के उठेको छ भने सैद्धान्तिक र व्यावहारिकरूपमा माओवादी जनसत्तामा लागू गर्न थालिएको नयाँ जनवादी शिक्षा कत्तिको नयाँ छ, जनवादी छ र वैज्ञानिक छ ? पुरानो राज्यसत्ताको शिक्षा प्रणालीभन्दा कसरी यो पद्धति लोकतान्त्रिक, वैज्ञानिक, विकेन्द्रीकृत, गैरनोकरशाही र जनमुखी छ त ?

## सैद्धान्तिक प्रस्थापना

माओवादीले ‘संयुक्त क्रान्तिकारी जनपरिषद्को न्यूनतम साझा नीति र कार्यक्रम’ को संस्कृति र शिक्षा नामक परिच्छेदमा जनवादी शिक्षासम्बन्धी सैद्धान्तिक प्रस्थापना अगाडि सारेको छ । त्यसमा भनिएको छ, “नयाँ जनवादी/जनताको जनवादी संस्कृति र शिक्षाको मूल चरित्र राष्ट्रिय, जनवादी र वैज्ञानिक हुनेछ । संस्कृति र शिक्षाको क्षेत्रमा जनसरकारको मुख्य काम जनताको सांस्कृतिक स्तर अभिवृद्धि गर्नु र सामाजिक तथा राष्ट्रिय पुनर्निर्माणको निम्ति लाल र दक्ष जनशक्ति उत्पादन गर्नु र सामन्ती, दलाल र जनविरोधी विचारधाराको सट्टा जनताको सेवा गर्ने प्रगतिशील वैज्ञानिक विचारधाराको विकास गर्नु हुनेछ । नयाँ जनवादी/जनताको जनवादी संस्कृति र शिक्षाले आमजनसमुदायमा देशप्रेम, जनताप्रति आदर, विज्ञानमा आस्था, श्रमप्रति श्रद्धा र सामूहिक सम्पत्तिप्रति चासोको भाव पैदा गर्नेछ ।”

त्यसमा थप भनिएको छ, “शिक्षालाई सर्वसुलभ, निःशुल्क र अनिवार्य गराइनेछ । विशेष साक्षरता अभियान संचालन गरेर प्रौढलगायत सबै निरक्षरता उन्मूलन गरिनेछ, शिक्षालाई श्रमसँग जोडेर लगिनेछ र जीवनोपयोगी बनाइनेछ । प्रकृति विज्ञान र समाज विज्ञानको सन्तुलन मिलाएर शिक्षा प्रदान गरिनेछ । पोलिटेक्निक शिक्षामा विशेष जोड दिइनेछ । उच्च शिक्षा र विज्ञान-प्रविधि शिक्षामा आवश्यक ध्यान दिइनेछ । सबैलाई खेलकुद र मनोरञ्जनको उचित व्यवस्था गरिनेछ । .....पुराना पाठ्यपुस्तक खारेज गरी नयाँ वैज्ञानिक मूल्य-मान्यताअनुसारका पाठ्यपुस्तक तयार गरिनेछ । सबैलाई निश्चित तहसम्म आफ्नै मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।”

## अमूर्तता र अस्पष्टताको कुहिरो

सबैजसो पार्टीजस्तै माओवादी पनि भविष्यमा आफ्नो हातमा सरकार वा सत्ता आयो भने कुन विषय र क्षेत्रमा के कसरी आमूल परिवर्तन गर्ने भन्ने वैचारिक अस्पष्टताको समस्याबाट मुक्त हुन सकेको छैन । यसैको एउटा ठोस उदाहरण हो- दसकौंदेखि अहिलेसम्म पनि अपरिभाषित सूत्र र अमूर्त नारामा सीमित नयाँ जनवादी शिक्षासम्बन्धी माओवादीको सैद्धान्तिक प्रस्थापना । यसमा पनि नयाँ जनवादी शिक्षालाई राम्ररी ठोसरूपमा परिभाषित गर्ने गरिएको छैन । त्यसैले यो पनि अमूर्त र अस्पष्ट छ, यो पनि ठोस र वस्तुसम्मत बनाइएको छैन । जस्तो- जनवाद र प्रजातन्त्र भनेको ‘डेमोक्रेसी’ कै भिन्न-भिन्न अनुवाद हो भने जनवादी शिक्षा र प्रजातान्त्रिक शिक्षामा के फरक हुन्छ भन्ने खुट्याइएको छैन ।

यस सैद्धान्तिक प्रस्थापनामा धेरै हदसम्म वामपन्थी शब्दावलीमा पुरानै सामान्य विचार मात्रै व्यक्त भएको छ, विशिष्ट, व्यावहारिक र मूर्त नीति र कार्यक्रमको खडेरीलाई नामेट पारिएको छैन । यसमा नयाँ जनवादी शिक्षाको मूल चरित्र राष्ट्रिय, जनवादी र वैज्ञानिक हुने भनिएको छ । तर त्यो चरित्र र लक्ष्य कुन संरचना, माध्यम र शैलीबाट प्राप्त गरिन्छ भन्ने पक्ष अस्पष्ट र अमूर्त नै छ । जस्तो- विद्यार्थीलाई आफैंले हेरेर, छोएर, अनुभव र अनभूति गरेर बुझ्ने, टीकाटिप्पणी र विश्लेषण गर्ने र अन्वेषणबाट स्वयंले निष्कर्ष निकाल्ने जस्तो वैज्ञानिक विधि अपनाएर सिकाउनुपर्ने विज्ञानप्रति माओवादीले ‘आस्था जगाउने विचार’ अगाडि सारेको छ, जुन सरासर अवैज्ञानिक हो । विज्ञानप्रति आस्था र विश्वास जगाउने काम फासीवादीहरूद्वारा गरिन्छ, तर लोकतान्त्रिकहरूद्वारा विज्ञानको प्रयोग गरिन्छ, वैज्ञानिक प्रवृत्तिको विकास गरिन्छ ।

## ‘जनवादी शिक्षा’को अभ्यास

त्यस्तै यस प्रस्थापनामा शिक्षा प्रणालीका अवयवहरूमा कहाँ, कसरी जनवाद लागू गर्ने भन्ने केही उल्लेखसम्म पनि भएको छैन । यस्तो मार्गनिर्देशिकामा यी सबै पक्ष उल्लेख गर्न नसकिएको खण्डमा अरू प्रकाशनमार्फत सार्वजनिक गर्नुपर्थ्यो, जुन दायित्व पनि उसबाट पूरा भएको छैन । यो प्रस्थापनाका साथै अरू प्रकाशनमा पनि नयाँ जनवादी शिक्षा प्रणालीअन्तर्गत पाठ्यक्रम के कस्तो हो, शिक्षण विधि कस्तो हुने जस्ता अनिवार्य प्रश्नको जवाफ दिइएको पाइँदैन । छिटपुटरूपमा पश्चिम नेपालका थुप्रै जिल्लामा नमुना जनशिक्षालय स्थापना गरी जनवादी शिक्षाको नयाँ पाठ्यक्रमसहितको अभ्यास भएको तथ्य बाहिर आएको छ । तर, त्यस्ता पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरवस्तु र त्यसको निर्माण-प्रक्रिया कस्तो छ भन्ने तथ्य अहिलेसम्म सार्वजनिक भइसकेको छैन ।

‘पश्चिम नेपालमा जनसत्ताभित्र वस्तुगत चेतनाको सिर्जनशील अभ्यास’ नामक एक रिपोर्टमा दीपेन्द्र रोकायाले ‘जलजला’ मासिकमा एउटा सानो संकेत दिएका छन्, “नेपाली जनताको पहिलो पाठ्यक्रम श्रमको पाठ्यक्रम हो । श्रममा आधारित पाठ्यक्रम दक्ष जनताबाट सिकिने र सिकाउने काम भएपछि जनशिक्षक-शिक्षिका तिनै विद्यालयमा प्राध्यापक भएर श्रमको पाठ्यक्रम लिपिबद्ध गरी पढाइरहेका छन् ।”

उनको स्थलगत रिपोर्टअनुसार आधार इलाकामा निरक्षर रहनु अपराध हो भन्ने विचारका साथ ▶

निरक्षरता उन्मूलन अभियान चलाइएको छ। श्रममा आधारित मनोरञ्जनसहितका रात्रि कक्षा सञ्चालित छन्। र, प्रशिक्षणमूलक देउडा गीत शिक्षणको पहिलो पाठशालाको कक्षा भएको छ।

यसबाट के देखिन्छ भने माओवादीले नयाँ जनवादी शिक्षाको नाममा शिक्षालाई श्रमसँग जोड्ने, श्रमिक जनतालाई नै शिक्षक-शिक्षिका बनाउने कामसँगै जनशिक्षालय खोल्ने र प्रौढ कक्षा थालेको छ। र, त्यसमा गरिखाने जनताबाट सिक्ने र परम्परागत लोकप्रिय गीतलाई प्रशिक्षणको माध्यम बनाउने क्रम पनि सुरु गरेको संकेत पाइन्छ।

## सैन्यवाद र 'जनवादी' शिक्षण विधि

शिक्षाको अन्तरवस्तुको कुरा गर्दा शिक्षणविधिको जनवादी वा लोकतान्त्रिक तरिका पनि विचारणीय हुन्छ, जुन पक्षका बारेमा माओवादीको कुनै विचार र व्यवहार सार्वजनिक भएको देखिँदैन। जनवादी वा लोकतान्त्रिक शिक्षाका पक्षपाती माओवादीलगायत सबैजसो पक्षले ध्यान दिनैपर्ने पक्ष हो- मानवीय, न्यायपूर्ण र वैज्ञानिक शिक्षण पद्धति।

वास्तवमा के पढाइन्छ भन्ने कुरा जति महत्वपूर्ण छ, त्योभन्दा महत्वपूर्ण छ- कसरी पढाइन्छ भन्ने कुरा। विज्ञान पनि अवैज्ञानिक ढंगले पढाइने चलन रहेको र बाइबल वा गीता पनि वस्तुवादी ढंगले पढाउन सकिने भएकाले शिक्षाको अन्तरवस्तुभन्दा बेसी महत्वपूर्ण छ- शिक्षण विधि। जनवादी वा लोकतान्त्रिक शिक्षणअनुरुप विचार गर्दा कसरी पढाउने भन्ने कुराका महत्वपूर्ण पक्षहरू हुन्- अरुको वास्ता गर्नु, अरूका विचार र अनुभवको सम्मान गर्नु अनि अरुका चिन्ता र चासो बाँडेर लिनु।

यथार्थमा जनवादी वा लोकतान्त्रिक शिक्षाको मुटु भनेको त्यसको उदात्त लक्ष्य, उन्नत उद्देश्य तथा पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरवस्तु होइनन्, त्यसको शिक्षण पद्धति हो। हो, त्यस्तो शिक्षण पद्धति, जसको ध्येय, प्रक्रिया र शैली भनेको विद्यार्थीलाई आफैंले आलोचनात्मक र वस्तुवादी ढंगले सोचविचार गर्न र शिक्षकलगायत जोकोहीको सत्तामाथि सवाल गर्न प्रोत्साहित गर्नु हो, ताकि उनीहरू जीवन र जगतमाथि नियन्त्रण कायम गर्न सक्षम होऊन्।

यी सबै पक्षमाथि विमर्श गर्दा के देखिन्छ भने माओवादीको नयाँ जनवादी शिक्षाको सैद्धान्तिक प्रस्थापना र व्यवहारिक अनुभव सवालको घेरामा छन्। उसको सैद्धान्तिक प्रस्थापना अमूर्त र अस्पष्ट हुँदाहुँदै पनि सामान्यतः जनवादी वा लोकतान्त्रिक भावनाअनुकूल छ भन्न सकिन्छ। त्यसो भएता पनि उसका सामान्य व्यवहारमा, विशेषतः शिक्षासँग गाँसिएका काम-कारबाहीमा आलोच्य सैन्यवादी पक्ष बेसी देखिएका छन्। युद्धका लागि शिक्षा, शिक्षालय र शिक्षार्थीलाई उपयोग गर्ने, सैन्य प्रशिक्षणका लागि विद्यालय नै बन्द गराउने, सैन्यबलका आधारमा जोरजबरजस्ती गरी विद्यार्थी र शिक्षकलाई सैन्यदस्तामा भर्ती गर्ने, उनीहरूको दिमागमा भाषण, नारा र उपदेश बैंकमा पैसा जम्मा गरेजस्तै बचत गरेर दीक्षित गर्नेजस्ता अलोकतान्त्रिक प्रवृत्ति उसका सामान्य व्यवहारमा नराम्ररी प्रकट भएका छन्।

अन्तिम जनयुद्धका लागि मिलिसिया तालिम दिने नाममा होस् या जनवादी शिक्षाको प्रशिक्षण दिने निहुँमा होस्, जुनसकै सदासयी उच्च सुकर्म गर्ने नाममा भए पनि विद्यार्थीदेखि शिक्षकलाई सैन्यबलका आधारमा कब्जामा लिने वा अपहरण गर्ने तौरतरिका स्वयं गैरजनवादी हुन्छ। त्यसरी कब्जामा लिइएका वा सामूहिकरुपमा अपहरित व्यक्तिलाई जनवादी शिक्षा दिइएको सगर्व घोषणा गर्नु वास्तवमा क्रान्ति, जनवाद र माओ स्वयंको बेइज्जत गर्नु हो भन्दा अत्युक्ति नहोला।

## मानवीय विकल्पको खोजी

माओवादीको 'क्लास वार' (वर्ग युद्ध) सँगै सुरु भएको अर्को 'क्लास वार' (कक्षा युद्ध) मा देखिएका यी र यस्ता विचार र व्यवहारले नयाँ जनवादी शिक्षाको वकालत गर्ने माओवादी पार्टी र उसको जनयुद्धलाई समेत लोकतन्त्रविरोधी कित्तामा पुऱ्याउने सम्भावना छ।

सत्तामा जानुअघि र पछि शिक्षा क्षेत्रमा सुधार र आमूल परिवर्तनका लागि के गर्ने, के नगर्ने भन्ने वैचारिक अस्पष्टताले जन्माएका यस्ता अलोकतान्त्रिक विचार र व्यवहार तबमात्र अन्त्य हुने सम्भावना छ, जब युद्ध सँगसँगै चिन्तनलाई जोडिन्छ र फौजी रणनीतिसँग राजनीतिलाई गाँसिन्छ। बन्दुकसँग विचार समेट्ने क्रममा कार्यकर्ता र जनतालाई यस विषयमा आलोचनात्मक चिन्तन गर्ने, चिन्तनलाई मथेर व्यवहारमा लागू गर्ने विवेकवान्, मानवीय र लोकतान्त्रिक मानवमा रुपान्तरण गर्ने अभियान चलाइयो भने शिक्षामा नवीनता, जनवादीपना र वैज्ञानिकताका पालुवा देखिन थाल्ने आशा गर्न सकिन्छ। ■

*(महर्जन मूल्यांकन मासिकसँग सम्बद्ध छन्।)*

## दैनिक पत्रिकामा शिक्षाका मुद्दा

- **अमिल्दो शैक्षिक सत्र** *(कान्तिपुर २६ माघ)*
- **बनिबुतो भ्याएर पढ्दै बालबालिका** *(कान्तिपुर २४ माघ)*
- **दाउरा संकलनमा विद्यार्थी** *(कान्तिपुर २४ माघ)*
- **नातिनातिनासँगै विद्यालय** *(कान्तिपुर २४ माघ)*
- **आर्थिक अभावले क्याम्पस बन्द हुनेतर्फ** *(कान्तिपुर २४ माघ)*
- **पढ्नलाई पातको घर** *(कान्तिपुर २२ माघ)*
- **जन्म दर्ता नभए पनि विद्यालयमा भर्ना** *(कान्तिपुर २१ माघ)*
- **नपढीकनै परीक्षा दिन बाध्य** *(कान्तिपुर १९ माघ)*
- **विद्यालय परिसरमा बंकर** *(कान्तिपुर १८ माघ)*
- **शिक्षक अपहरणले विद्यालय बन्द** *(कान्तिपुर १७ माघ)*
- **ट्युसन सेन्टरको लापरवाही, १७ विद्यार्थी परीक्षाबाट वञ्चित** *(कान्तिपुर १५ माघ)*
- **बन्दको प्रभाव कम गर्न नौ बजेदेखि विद्यालय सञ्चालन** *(कान्तिपुर १४ माघ)*
- **आगनमै विद्यालय, पढ्न पाउदैनन् छात्रा** *(कान्तिपुर १० माघ)*
- **महिला साक्षरता कार्यक्रम शिक्षा कार्यालयलाई पायक पर्ने स्थानमा मात्र** *(कान्तिपुर ६ माघ)*
- **निजी स्कुल समुदायलाई जिम्मा** *(कान्तिपुर ४ माघ)*
- **पाँच भाषामा एउटै पुस्तक** *(कान्तिपुर २ माघ)*
- **शिक्षिका रिहा नभएपछि चार सय विद्यालय बन्द** *(कान्तिपुर १ माघ)*
- **त्रिविमा विद्यार्थी भर्ना शुल्क वृद्धि** *(गोरखापत्र २७ माघ)*
- **साङ्केतिक भाषा सिकाउने विद्यालय स्थापनाको तयारी** *(गोरखापत्र २८ माघ)*
- **विद्यालयमा फर्निचर छैन, विद्यार्थी भुईंमा पढ्छन्** *(गोरखापत्र २४ माघ)*
- **पुस्तकालमा पढ्नेहरूको तााती** *(गोरखापत्र १९ माघ)*
- **शैक्षिक संस्था बन्द भएपछि विद्यार्थीको भविष्य अन्यौल** *(गोरखापत्र १६ माघ)*
- **अपहरणको विरोध गर्ने शिक्षकलाई बाादर लेखेट्ने सजाया** *(गोरखापत्र १५ माघ)*
- **पारिश्रमिक नपाउादा शिक्षिकहरू असन्तुष्ट** *(गोरखापत्र १४ माघ)*
- **विद्यालय समुदायमा हस्तान्तरणको विरोध** *(गोरखापत्र १३ माघ)*
- **शैक्षिक हड्तालको कारण परीक्षा स्थगित** *(गोरखापत्र ११ माघ)*
- **सुस्त बालबालिकालाई गुरुहरूको माया** *(गोरखापत्र ११ माघ)*
- **दिउासो पढाई, साााझ दुर्व्यसनीको अड्डा, त्रि-चन्द्रलाई कसले सपार्ने ?** *(गोरपखात्र, १० माघ)*
- **विद्यालयमा बङ्कर बनाउने उर्दी, शिक्षक, अभिभावक आतंकित** *( गोरखापत्र १० माघ)*
- **विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी नहादा समस्या** *(गोरखापत्र ८ माघ)*
- **एजुकेशन सेन्टरका सञ्चालक बेपत्ता, अठार विद्यार्थी परीक्षा दिनबाट वञ्चित हुनसक्ने** *(गोरखापत्र ७ माघ)*
- **एसएलसी परीक्षा अगावै युद्धविराम गर्न आग्रह** *(गोरखापत्र ६ माघ)*
- **द्वन्द्व पीडित शिक्षकले क्षतिपूर्ति पाएनन्** *(गोरखापत्र ६ माघ)*
- **दुई कक्षा पास गर्न नसकी हराएका बालक बने साधक** *(गोरखापत्र ४ माघ)*
- **महिला शिक्षक राख्नुपर्ने नीति व्यवहारमा लागू गर्न अड्चन** *(गोरखापत्र २ माघ)*
- **छात्रवृत्तिका लागि अक्षयकोष स्थापना** *(गोरखापत्र २ माघ)*
- **विश्वविद्यालय बनाउन आर्थिक सहयोग** *(गोरखापत्र २ माघ)*
- **दलित बालबालिकालाई निःशुल्क शिक्षा** *(राजधानी २६ माघ)*
- **आर्थिक अभावका कारण विद्यार्थी परीक्षाबाट वञ्चित** *(राजधानी २३ माघ)*
- **ग्रामीण विद्यालयमा शिक्षक संख्या न्यून** *(राजधानी २३ माघ)*
- **गाउामा छोरीलाई स्कूल पढाउने लहर** *(राजधानी १७ माघ)*
- **बहिरा विद्यालयमा पाठ्यपुस्तकको समस्या, पढाईमा बाधा** *(राजधानी १६ माघ)*
- **माओवादीद्वारा शुल्क नलिन भनेपछि विद्यालय बन्द हुने अवस्थामा** *(राजधानी १६ माघ)*
- **मूल्यवृद्धि रोक्न नसक्दा कर्णालीका विद्यार्थी पढाई छोड्दै** *(राजधानी १५ माघ)*
- **कक्षामा पढाईरहेका शिक्षकमाथि गोली प्रहार, एक शिक्षकसहित दुईको हत्या** *(राजधानी १२ माघ)*
- **शिक्षा अधिकारीले दश लाख घूस खाएको खुलासा** *(राजधानी ११ माघ)*
- **शिक्षाबाट वञ्चित छन् द्वन्द्व पीडित बालबालिका** *(राजधानी १० माघ)*
- **घर नजिकै विद्यालय भए पनि एकै परिवारका ६ बालबालिका पढाईबाट वञ्चित** *(राजधानी १० माघ)*

# शिक्षा क्षेत्रमा सरकारका तीन महिना

***(श्री ५ को सरकार शिक्षा तथा खेलकूद मन्त्रालय र सो अन्तरगतका शिक्षा विभागलगायतका निकायले गत ३ महिनामा के-के गरेछन् त ? प्रस्तुत छ मन्त्रालयले गत मंसिर, पुस र माघ महिनामा सम्पन्न गरेका भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको प्रतिवेदनमा उल्लेखित महत्वपूर्ण अंश -सं.)***

- निवृत्त ११ हजार शिक्षकहरूमध्ये ४००० को पट्टा जिल्लाबाट प्राप्त भएको २२ सयले कसौतोषाखानाबाट बैंकको नाम समेत लेखाई पट्टा बुझिसकेको।
- आगामी आब २०६२/६३ को लागि जिल्ला स्तरीय बजेट अनुमानित सिलिङ्ग तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको।
- डिसेम्बर १ (तदनुसार मंसिर १६)देखि डिसेम्बर ७ (तदनुसार मंसिर २२)सम्म Secondary Education Support Programme (SESP) को तेस्रो परामर्श बैठक सम्पन्न भएको।
- डिसेम्बर ८-९ (तदनुसार मंसिर २३ र २४) मा Education for All (सबैका लागि शिक्षा) को पहिलो परामर्श बैठक (Review Mission) सम्पन्न भएको।
- नोभेम्बर ३० (तदनुसार मंसिर १५ गते) डेनिडा 'डाइरेक्ट फन्ड'को Steering Committee को बै सम्पन्न भएको
- चितवन, नुवाकोट, मकवानपुर, तनहुँ, बाँके, पर्सा जिल्लाका १५ वटा विद्यालयहरूमा आकष्मिक निरीक्षण गरिएको।
- स्रोत केन्द्र मिन मावि, थर्पु, तनहुँ, सिद्धार्थ मावि हेटौंडा मकवानपुर, अरुणोदय उच्च मावि गीतानगर, चितवन, त्रिभुवन मावि कोहलपुर, बाँके र स्रोत केन्द्र पर्सा गरी ५ वटा स्रोत केन्द्रहरूको अनुगमन तथा निरीक्षण गरिएको।
- ७५ वटै जिल्लामा विद्यालय विवरण फारम भर्ने निर्देशिका, विद्यालय नक्सांकन कुञ्जिका र निरीक्षण प्रतिवेदन फाराम पठाइएको।
- जम्मा बेरुजुमध्ये असुल उपर गर्नुपर्ने बेरुजु रु. ४४५७२/- (रु. हजारमा)
- जम्मा फछ्र्यौट बेरुजुमध्ये असुल उपर भई फछ्र्यौट भएको रु. ५१९३/- ( रु. हजारमा)
- सम्परीक्षणका लागि मलेपको विभागमा पेस भइरहेको सं.प. हुन बाँकी बेरुजु रु. २८५९८४/- (रु. हजारमा)
- बाँकी बेरुजुमध्ये पुरानो आब ०५०/५१ सम्मको बेरुजु बाँकी रु. २६११८४/- (रु. हजारमा)

### *मन्त्रालयअन्तर्गतका निकायबाट भए/गरेका कार्य*

- कक्षा ३ को अंग्रेजी पाठ्यपुस्तक विकास कार्य हालसम्म ४५ प्रतिशत सम्पन्न भएको।
- कक्षा दुईका पाँचवटा पाठ्यपुस्तक परिमार्जन परीक्षणका लागि प्रकाशन कार्य हालसम्म ५५ प्रतिशत सम्पन्न भएको।
- बाल शब्दकोष विकास कार्य हालसम्म ५५ प्रतिशत सम्पन्न भएको।
- मातृभाषाका पाठ्यपुस्तक प्रकाशन र वितरण कार्य हालसम्म ३३ प्रतिशत सम्पन्न भएको।
- कक्षा एकका पाठ्यपुस्तकको पृष्ठपोषण, संकलन र अनुगमन कार्यको ३८ प्रतिशत कार्य सम्पन्न।
- आय/सीपमूलक तालिमतर्फको ५ दिने उत्प्रेरकहरूको पुनर्ताजगी तालिम चितवनको भरतपुरमा ४५ जना सहभागीहरूको लागि सञ्चालन भएको।
- कक्षा छाड्ने विद्यार्थीहरूलाई पुन: विद्यालय प्रवेशका लागि विधि तयारी तथा विकासका लागि काठमाडौंमा दुई दिने कार्यशाला सञ्चालन गरिएको।
- ०६०/६१ मा सम्पादित कार्यक्रमहरूको स्थिति विवरण Status Report तयार गर्ने कार्य सम्पन्न भएको।
- सुनसरी, मोरङ, इलाम, कास्की, चितवन र हुम्ला जिल्लाहरूको अनुगमन गर्ने कार्य भएको।
- विद्यालयस्तरीय शैक्षिक तथ्यांक EMIS को Flash Report प्रकाशन भएको।
- २४० नयाँ कक्षाकोठाको ठेक्का स्वीकृत भएको र बाँकीको बोलपत्र मूल्यांकन भइरहेको।
- शिक्षा विभागबाट चालु आ.ब. मा गरिने अध्ययन अनुसन्धान गर्नका लागि गोरखापत्रमा सूचना प्रकाशन भएको।
- जापान सरकार र श्री ५ को सरकारबीच सहायतासम्बन्धी सम्झौता सम्पन्न भएको।
- हालसम्म २६१ सार्वजनिक विद्यालय तहहरू (यस महिनामा ५३ ओटा तहहरू) को व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको।
- तालिम केन्द्रहरू झापा, कास्की, सुर्खेत, कञ्चनपुरमा मागमा आधारित प्रशिक्षक तालिम सम्पन्न।
- सक्षमतामा आधारित पहिलो १ महिने मुख्य प्रशिक्षकका लागि निर्देशिका तयार भएको।
- प्रधानाध्यापक तालिम कार्यक्रमका लागि स्रोत सामग्री तथा प्रशिक्षक निर्देशिका तयार भएको।
- शिक्षा विभागमा Website development को कार्य सुरु भएको।
- SESP Joint Donor Mission (Nov. Mission) सम्पन्न भएको।
- Steel structure तथा जस्तापाता खरिदका लागि तयार भएको ३ वटा Bidding Document No Objection का लागि ADB पठाइएको।
- सञ्चालन खर्च व्यहोर्ने सक्षम संघ/संस्थाहरूलाई प्रौढ शिक्षा ४१४० सेट पाठ्यसामग्री नि:शुल्क वितरण गरिएको।
- दुई जिल्लामा पारिवारिक साक्षरता सर्भेक्षण कार्य गर्न पूर्वाधार तयारी पूरा भएको।
- क्षेत्रीयस्तरमा सूचना तथा सञ्चार प्रविधि व्यवसायिक तथा जीवनोपयोगी सीपसम्बन्धी पाठ्यक्रम विकासका लागि कार्यशाला।
- कक्षा १ देखि १२ सम्मको राष्ट्रिय पाठ्यक्रमको प्रारुपको अन्तिम रुप निर्धारणका लागि कार्यशाला र प्रतिवेदन तयारी।
- जनसंख्या तथा वातावरण विषयमा यौन शिक्षासम्बन्धी नमूना पाठ परीक्षण, कक्षा ८ को नागरिक तथा नैतिक शिक्षाको पाठ्पुस्तकको विकास, निमावितर्फको अंग्रेजी विषयको श्रव्य क्यासेट विकास।
- कक्षा ३ को अंग्रेजी पाठ्यपुस्तकको विकास।
- कक्षा १ का परीक्षण पाठ्यपुस्तक प्रकाशन र वितरण।
- कक्षा १ का ६ विषयको शिक्षक निर्देशिका विकास।

## २०६१ साल पुस

### *मन्त्रालयबाट भए/गरेका कार्य*

- पुरानो पट्टाबाट निवृत्तभरण पाएका शिक्षकमध्ये २७ जिल्लाका ३०६७ शिक्षकहरूलाई बैंकबाट भुक्तानी पाउने गरी नयाँ पट्टा वितरण।
- चालु आबमा निवृत्त हुने ५०० जति शिक्षकहरूको नयाँ पट्टा बनिसकेको।
- जम्मा बेरुजुमध्ये असुल उपर गर्नुपर्ने बेरुजु रु. ४४५७२/- (रु. हजारमा)
- जम्मा फछ्र्यौट बेरुजुमध्ये असुल उपर भई फछ्र्यौट भएको रु. ७०३०/- ( रु. हजारमा)
- सम्परीक्षणका लागि मलेपको विभागमा पेश भइरहेको सं.प. हुन बाँकी बेरुजु रु. ४३,२९,२४ (रु. हजारमा)
- बाँकी बेरुजुमध्ये पुरानो आब ०५०/५१ सम्मको बेरुजु बाँकी रु. २६११८४/- (रु. हजारमा)
- १४ विद्यालयहरूको निरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा जानकारी गराएको।
- केन्द्रीय, क्षेत्रीय एवं जिल्लागत कार्यालयहरूको अनुगमन कार्यक्रम तय गरी सम्बन्धितलाई जानकारी गराएको।

### *मन्त्रालय अन्तर्गतका निकायबाट भए/गरेका कार्य*

- मिति २०६१/९/२५ देखि पुनर्ताजगी प्रशिक्षक प्रशिक्षण तालिम (६ दिने) चितवनमा सञ्चालन भएको।
- अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमको पाठ्यक्रम तथा पाठ्यपुस्तक छपाईको लागि बोलपत्र आह्वान गरी सूचना प्रकाशन गरिएको।
- मिति २०६१/९/२८ गतेदेखि २०६०/१०/५ गतेसम्म लेखाजोखा केन्द्रको लागि कार्यशाला सञ्चालन भएको।
- सडक बालबालिकाहरूको लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने आधारसहित निर्देशिका तयार पारी जिल्लामा पठाइसकिएको।
- कक्षा ३ को अंग्रेजी पाठ्यपुस्तक विकास कार्य हालसम्म ६० प्रतिशत सम्पन्न भएको।
- कक्षा दुईका पाँचवटा पाठ्यपुस्तक परिमार्जन परीक्षणका लागि प्रकाशन कार्य हालसम्म ६५ प्रतिशत सम्पन्न भएको।
- बाल शब्दकोष विकास कार्य हालसम्म ६० प्रतिशत सम्पन्न भएको।
- रेडियोबाट शैक्षिक कार्यक्रमको प्रसारण ८ पटक भएको।
- पत्रकारहरूको सहकार्यमा शैक्षिक मुद्दाहरूमा अन्तरक्रिया तथा प्रसारण २ पटक भएको।
- कक्षा छाड्ने विद्यार्थीहरूलाई पुन: विद्यालय प्रवेशका लागि प्याकेज विधि तयारी तथा विकासका लागि धनुषा र महोत्तरी जिल्लामा सामाजिक सर्भेक्षण

▶

कार्य गरिएको ।

- ➪ २०६१/९/२० देखि २०६१/९/२२ गतेसम्म पर्सा जिल्लामा (३० जना) महिला प्रशिक्षकहरूलाई लैङ्गिक सचेतनासम्बन्धी प्रशिक्षण दिने कार्य भएको ।
- ➪ गत आबको स्थिति प्रतिवेदन Status Report तयार भइसकेको र छपाईको लागि सी.आर.सी. तयार भएको ।
- ➪ क्षेशिनि मध्यमाञ्चल तथा पश्चिमाञ्चलका साथै काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, पर्सा, मोरङ, धनुषा, महोत्तरी, कैलाली, कञ्चनपुर, रौटहट जिल्लामा सञ्चालित कार्यक्रमको अनुगमन गर्ने कार्य भएको ।
- ➪ यसवर्ष गरिने अध्ययनका विषयहरू छनौट, संस्था सूचिकृत तथा चार विषयको TOR निर्माण कार्य सम्पन्न ।
- ➪ जिशिका भवन डिजाइनको लागि परामर्श सेवाको Shortlisting भएको Architectural design तयार भई क्तचगअतगचबब मभकष्नल को लागि परामर्शदाता छनोट सम्पन्न ।
- ➪ राष्ट्रिय पाठ्यक्रम प्रारुप एवम् जीवनोपयोगी सीप र व्यवसायिक पक्षहरू समाहित गर्ने सम्बन्धमा पृष्ठपोषण संकलनका लागि पाँच विकास क्षेत्रमा क्षेत्रीय कार्यशाला सम्पन्न भएको ।
- ➪ कक्षा ८ मूल्यांकन, जीवनोपयोगी सीप, व्यवसायिक सीपको समविष्टता र सूचना तथा सञ्चार प्रविधि र स्थानीय पाठ्यक्रम सम्बन्धमा अध्ययन गर्न साधन निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको ।
- ➪ यौन शिक्षासम्बन्धी नमूना पाठ तयार भई, श्रव्यदृश्य क्यासेट रेकर्डिङ २५ प्रतिशत सम्पन्न ।
- ➪ विद्यालय सुधार योजनासम्बन्धी ६ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा २३ जना सहभागी भई कार्य सम्पन्न (९२ प्रतिशत) ।
- ➪ मेशिनरी औजार खरिदसम्बन्धी Technical Specification निर्माणसम्बन्धी समिति गठन गरी कार्य सम्पन्न भएको ।
- ➪ रिक्त इन्जिनियर पदको करार सम्झौता, ओभरसियर पदको अन्तर्वार्ता भइसकेको, अन्य कर्मचारीको समेत व्यवस्था भइसकेको ।
- ➪ पाठ्यक्रम मूल्यांकन, शिक्षक तालिम र सूचना प्रविधि तथा तथ्यांकसमेतका लागि परामर्श सेवा सम्बन्धमा NO Objection को लागि ADB मा TOR पठाइएको ।
- ➪ ९०१ भैपरीमा रहेको कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि मन्त्रालयमा पठाइएको ।
- ➪ १५० वटा विद्यालय तहहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्य सम्पन्न ।
- ➪ सघन सहयोगमा परेका १२ वटा विद्यालयका १५ प्रावि शिक्षकलाई थप अनुदान दिने कार्य सम्पन्न भएको ।
- ➪ दलित, उत्पीडित र गरिबीको रेखामुनि परेका १६२३ विद्यार्थीहरूलाई छात्रवृत्ति अनुदान विद्यालयमा अख्तियारी पठाउने कार्य सम्पन्न भएको ।
- ➪ सघनमा परेका ५९ वटा विद्यालयलाई प्रति विद्यालय ५० हजारका दरले अख्तियार तयार गर्ने कार्य भएको ।
- ➪ २१ जिल्लाका ४,५०,००० विद्यार्थीहरूलाई दिवा खाजाको रुपमा पौष्टिक आहार उपलब्ध गराउने परियोजनाको लक्ष्य रहेकोमा ३,१३,०४७ विद्यार्थीहरूले पौष्टिक आहार प्राप्त गरी ७० प्रतिशत प्रगति भएको ।
- ➪ मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम अन्तरगत ७ जिल्लाका २७ गाविसहरूका १५,४६३ जना गर्भवती तथा सुत्केरी महिलाहरू र ३ वर्ष मुनिका बच्चाहरूलाई न्यूट्रिमिक्स प्रदान गर्ने लक्ष्य रहेकोमा ६,५८९ गर्भवती तथा सुत्केरी महिलाहरू र ३ वर्ष मुनिका बच्चाहरूले न्यूट्रिमिक्स प्राप्त गरी ४३ प्रतिशत प्रगति भएको छ । यस महिनामा २७ गाविसमध्ये १० गाविसमा मात्र वितरण भएको ।
- ➪ खाद्यान्न वितरणमा १३९४ मेट्रिक टन वितरण गर्ने यस अवधिको लक्ष्य रहेकोमा ९६२ मेट्रिक टन वितरण गरी ६९ प्रतिशत प्रगति भएको छ ।
- ➪ अनौपचारिक शिक्षामा एकीकृत प्रजनन स्वास्थ्यसम्बन्धी प्रशिक्षण कार्य सम्पन्न गरिएको ।
- ➪ विभिन्न संस्थाहरूलाई प्रजनन स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- ➪ सुदूर पश्चिमाञ्चल तथा पश्चिमाञ्चल विकास क्षेत्रमा जिल्ला शिक्षा अधिकारीहरू, शैक्षिक तालिम केन्द्र प्रमुखहरू एवम् तालिम प्रदान गर्ने वैकल्पिक संस्था प्रमुखहरूका लागि कार्यक्रम कार्यान्वयन तथा योजना निर्माणसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न ।
- ➪ नौ वटा शैक्षिक तालिम केन्द्र र त्यस अन्तर्गतका वैकल्पिक संस्थाहरूमा अढाई महिने सेवाकालीन प्राथमिक शिक्षक तालिम सञ्चालन आधारभूततर्फ २५९५ जना र तेस्रोमा १०८० एवम् १८० घण्टेतर्फ ७१ गरी जम्मा ३७४६ जनालाई तालिम दिने कार्य सम्पन्न ।
- ➪ विभिन्न विषय र तहका १३४ जनाको सीप परीक्षण परीक्षा सञ्चालन गरेको
- ➪ अस्थायी शिक्षकहरूको लागि ७५ वटै जिल्लाको रिक्त दरबन्दीको ५० प्रतिशत पदमा स्थायी पदपूर्ति गर्न विज्ञापन गरिएकोमा ०६१ माघ १५ गतेसम्म म्याद थप गरिएको ।
- ➪ स्थायी अध्यापन अनुमतिपत्रको प्रमाण पत्र ७५ वटै जिल्लामा पठाएको ।
- ➪ स्थायी अध्यापन अनुमति पत्रको लागि पनुर्योगका निवेदन प्राप्त भएकोमा कारवाही गरी क्रमशः जिल्लामा पठाउँदै गरिएको ।
- ➪ ५० प्रतिशत अन्तरिक खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि मावि, निमावि र प्रावि तहको अनिवार्य प्रश्नहरूको नमूना प्रश्न पत्र तयार गरिएको, विशिष्टिकरण तालिका तयार पारिएको ।

## २०६१ माघ

### *मन्त्रालयबाट भए/गरेका कार्य*

- ➪ यस मन्त्रालय अन्तर्गतका तथा सम्बद्ध कार्यालयहरूबाट सम्पादन हुने कामको सिलसिलामा सम्बन्धितलाई पर्न गएको पीरमर्का, कठिनाईसम्बन्धी गुनासो सुन्न र सोको व्यवस्थापन गर्न हटलाइन र फ्याक्सन राखिएको ।
- ➪ मिति २०६१/१०/१९ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको सचिव बैठकको निर्णय नं. ७ को प्रयोजनको लागि यस मन्त्रालय र अन्तर्गतका निकायहरूको कार्ययोजना तयार गरी प्रत्येक साता प्रगति प्रतिवेदन पठाउने कार्य गरेको ।
- ➪ कार्यालयहरूमा प्रदान गरिने सेवाहरू सरल छिटोछरितो तथा जनताहरूले सास्ती नपाउने किसिमको भए/नभएको अनुगमन गर्न केन्द्रीय कार्यालयहरूमा प्रत्येक हप्ता कर्मचारी खटाइएको ।
- ➪ ३४ जिल्लाको ४ हजार ७ सय निवृत्त शिक्षकहरूको निवृत्तिभरण बैंकबाट भुक्तानी पाउने गरी नयाँ पट्टा वितरण ।
- ➪ जम्मा बेरुजुमध्ये असुल उपर गर्नुपर्ने बेरुजु रु. २ अर्ब ८० करोड ५९ लाख ९० हजार ।
- ➪ जम्मा फछ्र्यौट बेरुजुमध्ये असुल उपर भई फछ्र्यौट भएको रु. २८ करोड ४३लाख ९६ हजार ।
- ➪ सम्परीक्षणका लागि मलेपको विभागमा पेस भइरहेको सं.प. हुन बाँकी बेरुजु रु. २ अर्ब ५२ करोड १५ लाख ९४ हजार ।
- ➪ १२ विद्यालयहरूको निरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा जानकारी गराएको ।
- ➪ केन्द्रीय, क्षेत्रीय एवम् जिल्लागत कार्यालयहरूको अनुगमन कार्यक्रम तय गरी सम्बन्धितलाई जानकारी गराएको ।

### *मन्त्रालयअन्तर्गतका निकायबाट भए/गरेका कार्य*

- ➪ विद्यालय द्रुत मूल्यांकन सर्भेक्षण कार्य सञ्चालन गर्न आवश्यक फर्म छपाई कार्य सम्पन्न ।
- ➪ क्षेत्र र जिल्लास्तरीय परीक्षा समितिका कर्मचारीहरूको तालिम प्याकेज विकास गर्ने कार्य ६० प्रतिशत सम्पन्न भएको ।
- ➪ मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्रमा परीक्षक, प्रधान परीक्षक र प्रश्नपत्र निर्माताको लागि कार्यशाला सम्पन्न भई नमूना प्रश्नपत्र वितरण कार्य समेत सम्पन्न भएको ।
- ➪ एसएलसी उत्तीर्णहरूको सक्कल प्रमाणपत्र छपाईको लागि सम्झौता भइसकेको तथा २०५० सालसम्मको प्रमाणपत्रको डाटा इन्ट्री कार्यसमेत सम्पन्न भएको ।
- ➪ प्रयोगात्मक परीक्षासम्बन्धी शिक्षक सहयोग सामग्री विकास कार्य ७० प्रतिशत सम्पन्न भएको ।
- ➪ अपाङ्ग विद्यार्थीहरूको लागि परीक्षा सामग्री पहिचान र विकाससम्बन्धी कार्यशाला सम्पन्न भएको ।
- ➪ निमावि स्तरका बहिरा तथा सुस्त श्रवण क्षेत्रमा काम गर्ने शिक्षकहरूकालागि तालिम सञ्चालन गर्न प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न ।
- ➪ शैक्षिक तालिम केन्द्रहरूमा सक्षमतामा आधारित १ महिने तालिमका लागि प्रशिक्षक प्रशिक्षण कार्य सम्पन्न ।
- ➪ मावि तथा निमाविका प्रअ व्यवस्थापन तालिमको लागि सामग्री विकास कार्य सम्पन्न ।
- ➪ सक्षमतामा आधारित सेवाकालीन निम्न माध्यमिक र माध्यमिक शिक्षक तालिमको पाठ्यक्रम वितरण ।
- ➪ ६५ जिल्लाहरूको लागि विद्यालय सुधार योजना निर्माणसम्बन्धी प्रशिक्षक प्रशिक्षण १४० जनाको सहभागितामा सम्पन्न ।
- ➪ बालविकासको पाठ्यक्रम पृष्ठपोषणसम्बन्धी दुई दिने गोष्ठी यूनेस्केको सहयोगमा सम्पन्न ।
- ➪ प्राथमिक शिक्षा विस्तार कार्यक्रमको सेवाकालीन तथा पूर्वसेवाकालीन तालिम पुस्तिका परिमार्जन र विकासका लागि Content निर्धारण कार्य भएको ।
- ➪ समाहित शिक्षा सम्बन्धमा ४० जना सदस्यहरूलाई ५ दिने अभिमुखीकरण र क्षमता अभिवृद्धि तालिम सञ्चालन भएको ।

*(बाँकी दशौं पानामा)*

## ज्ञन् थपिदैं...

*(पहिलो पानाबाट क्रमशः)*

बालबालिकाको संख्यामा वृद्धि, साक्षरता प्रतिशतमा वृद्धि, शिक्षामा लैङ्गिक विभेद घटेको, सबैका लागि शिक्षालाई लक्षित गरी शिक्षा क्षेत्रमा नीति नियम बनेको, शिक्षा क्षेत्रमा सरकारी र गैरसरकारी क्षेत्रको सक्रियता बढेको निष्कर्ष निकाल्यो। त्यतिमात्र होइन, उद्देश्यहरू पूरा गर्न थप पन्ध्र वर्ष म्याद थप्यो।

सन् २००० मा सेनेगलको राजधानी डकारमा आयोजित सम्मेलनले लिएका उद्देश्यहरू यस्ता थिए:

- पिछडिएका तथा शिक्षाको पहुँच नपुगेका बालबालिकालाई विशेष रुपले ध्यानमा राखी प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको विकास तथा शिक्षाको व्यापक विस्तार तथा सुधार गर्ने।
- सबै बालबालिका, खासगरी बालिका, कठिन अवस्थाका बालबालिका तथा अल्पसंख्यक जनजातिका बालबालिकाहरूलाई सन् २०१५ सम्म गुणस्तरयुक्त, पूर्ण निःशुल्क र अनिवार्य प्राथमिक शिक्षाको सुनिश्चितता प्रदान गर्नु।
- सबै युवा तथा प्रौढहरूको शैक्षिक आवश्यकता परिपूर्तिमा सुनिश्चितता प्रदान गर्न उपयुक्त शिक्षा तथा जीवनोपयोगी सीप कार्यक्रममा समान पहुँचको व्यवस्था गर्ने।
- सन् २०१५ सम्ममा प्रौढ साक्षरता (खासगरी महिला साक्षरता) हालको तुलनामा ५० प्रतिशतले वृद्धि गर्ने तथा सबै प्रौढहरूलाई आधारभूत तथा निरन्तर शिक्षाको समान पहुँच पुऱ्याउने।
- प्राथमिक तथा माध्यमिक शिक्षामा सन् २००५ सम्ममा लैङ्गिक विभेद अन्त्य गर्ने र सन् २०१५ सम्ममा शिक्षामा लैङ्गिक समानता हासिल गर्ने। यसको लागि शिक्षामा बालिकाको पहुँच पूर्ण र समान रुपमा गराई गुणस्तरयुक्त आधारभूत शिक्षाको उपलब्धि हासिल गर्नेतर्फ जोड दिने।
- शैक्षिक गुणस्तरका सम्पूर्ण पक्षमा उत्कृष्टता प्राप्तिको लागि सुधार ल्याउने, जसका कारण सुनिश्चिता एवं स्पष्ट मापनको आधारमा शैक्षिक उपलब्धि (खासगरी साक्षरता, गणितीय ज्ञान तथा जीवनोपयोगी सीप) सबैले हासिल गर्ने।

**'सबैका लागि शिक्षा कार्यक्रम सफल पार्न सबैभन्दा पहिले विद्यालयलाई शान्ति क्षेत्र बनाउनु आवश्यक छ।'**
**– डा. विद्यानाथ कोइराला**

**'द्वन्द्वका कारण विद्यालय गएका पनि फर्किएको अवस्थामा सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पुग्न सक्दैन।'**
**– माधवप्रसाद अधिकारी**

**सहमति जनाउनु र योजना बनाउनु मात्र ठूलो कुरा होइन, कार्यान्वयन गरी देखाउनु सबैभन्दा महत्वपूर्ण पक्ष हो।**
**– डा. हृदयरत्न बज्राचार्य**

डकार सम्मेलनपछि सबैका लागि शिक्षाबारे लिइएका उद्देश्यहरू हासिल गर्न नेपालले केही कदमहरू अघि बढाएको छ। प्राथमिक शिक्षा प्राप्त नगरेका परिवारका बालबालिकाहरूलाई प्राथमिक विद्यालय भर्ना गर्न चालू शैक्षिक वर्षमा विशेष छात्रवृत्तिको व्यवस्था गरेको छ। विद्यालयको पहुँचको अवसर प्रदान गरी पढाइमा निरन्तरता कायम गर्न प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीलाई निःशुल्क भर्ना तथा पाठ्यपुस्तक उपलब्ध गराउने, दलित समुदायका सबै बालबालिकाहरू र पिछडिएका जनजाति तथा गरिबीको रेखामुनि रहेका परिवारका बाल बालिकालाई छात्रवृत्तिको व्यवस्था गरेको छ। त्यसैगरी महिला शिक्षा कार्यक्रम पनि सुरु गरिएको छ।

सबैका लागि शिक्षा अन्तर्गत २०६१/६२ सालमा सञ्चालित प्रमुख कार्यक्रमहरू यस्ता छन्:

- गाउँ शिक्षा योजना कार्यान्वयन।
- आफ्नो क्षेत्रका पाँचदेखि नौ वर्षका बालबालिकाहरू मध्ये ९६ प्रतिशत खुद भर्ना दर प्राप्त गर्ने गाउँ शिक्षा समिति/नगरपालिकालाई एकमुष्ठ प्रोत्साहन रकम।
- विद्यालयमा अध्ययनरत सबै दलित बालबालिका लागि छात्रवृत्ति।
- ८५ प्रतिशत विद्यार्थीलाई कक्षा ५ सम्म टिकाएवापत् एकमुष्ठ प्रोत्साहन अनुदान।
- अस्थायी कक्षा कोठाको निर्माण।
- शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्रोत केन्द्रहरूलाई अनुदान।

सामुदायिक विद्यालय समुदायको सहभागिता गराउन २१ सयभन्दा बढी विद्यालयको व्यवस्थापनको जिम्मा स्थानीय समुदायलाई सुम्पिएको छ। द्वन्द्व पीडित बालबालिकलाई शिक्षाको व्यवस्था गर्न थालिएको छ। सरकारले आधारभुत तथा प्राथमिक शिक्षा लगायतका कार्यक्रमलाई सबैका लागि शिक्षा कार्यक्रमसँग जोडेर अघि बढाएको छ। सम्मेलनको प्रतिबद्धता अनुसार सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना बनाइएको छ। सन् २००४ देखि २००९ सम्मका लागि सबैका लागि शिक्षा विशेष कार्यक्रम तयार गरिएको छ।

## २००४-२००९ का रणनीतिक पक्षहरू

- विभिन्न चरणमा गरी निःशुल्क र अनिवार्य शिक्षा सुनिश्चित गर्ने।
- दलित बालबालिकालाई छात्रवृतिको विशेष व्यवस्था गर्ने।
- विद्यालयमा भर्ना दर बढाउने, कक्षा पुनरावृत्ति दर घटाउने र विद्यालय। छाड्ने दर कम गर्ने कार्यक्रमहरूको विस्तार गर्ने।
- वैकल्पिक कार्यक्रम सञ्चालन, प्रौढ कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालय पाठ्यक्रमलाई व्यावहारिक बनाउने, उपयुक्त र सहज प्राविधिक शिक्षाको विकास गर्ने।
- लैङ्गिक वातावरण सुधार विद्यालयको वातावरण सुधार गर्ने।
- शिक्षाको स्तरीयता बृद्धिका लागि पूर्वाधार र भौतिक वातावरणमा सुधार ल्याउने
- मातृभाषाको माध्यमबाट प्राथमिक शिक्षा सुनिश्चित गर्न पाठ्यक्रम पाठ्यपुस्तकको व्यवस्था गर्ने।

सबैका लागि शिक्षा कार्यक्रममा भएका कामहरू पर्याप्त छैनन्। योजनाहरू राम्रा बनाइए पनि त्यसको कार्यान्वयन पक्ष प्रभावकारी बनाइएको छैन। मौसमी कार्यक्रममा नै सरकार र गैरसरकारी क्षेत्र अल्मलिएको अवस्था पनि छ। सबैका लागि शिक्षा कार्यक्रमको अनुगमन समितिले नेपालले उद्धेश्यहरू हासिल गर्न कार्यशैली बदल्न सुझाव दिएको छ। कार्यशैलीमा परिवर्तन नल्याए सन् २०१५ भित्र लैङ्गिक समानता र प्रौढ साक्षरताको लक्ष्य पूरा गर्न नसक्ने निष्कर्ष निकालेको छ।

सबैका लागि शिक्षाबारे राजधानीमा जति चर्चा/परिचर्चा हुनेगर्छ, त्यो अझै जिल्ला सदरमुकाम र स्थानीय तहमा पुग्न सकेको छैन। अरु पेशामा आबद्ध व्यक्तिहरू मात्र होइन, बालबालिकामा चेतनाको दियालो छर्ने शिक्षकहरूले पनि सबैका लागि शिक्षाबारे आवश्यक जानकारी हासिल नगरेको अवस्था छ। खासमा भन्ने हो भने सरकारले उनीहरूलाई कुनै ठोस् जानकारी समेत दिएको छैन। यो लक्ष्य हासिल गर्न महत्वपूर्ण कडीको रुपमा रहेका शिक्षकहरूलाई यससम्बन्धी नीति निर्माणमा सहभागिता नगराएको गुनासो शिक्षक संघ/संगठनका नेताहरूले बारम्बार गर्दै आइरहेका छन्।

शिक्षक, समुदाय र बालबालिकालाई एउटै थलामा ल्याउने काम भएको छैन। ग्रामीण क्षेत्रमा शिक्षकहरू समाजका सबैभन्दा जागरुक वर्ग हुन्। तर, तिनीहरूको मनोवल बढाउने र सक्रिय पार्ने काम भएको छैन। अपवादमा केही शिक्षकहरूले विद्यालयमा बालबालिका ल्याउन भूमिका खेले पनि धेरै विद्यालय आएका विद्यार्थीलाई पढाउनेभन्दा शिक्षकहरूले थप काम गरेका छैनन्। फलस्वरुप समाजमा जसका बालबालिका विद्यालय आएका छैनन्, तिनीहरू विद्यालय बाहिरै रहेको अवस्था पनि छ।

विद्यालयमा आवश्यकता अनुसार दरबन्दी पूरा भएको छैन। मन्त्रालयकै अध्ययनले २७ हजार शिक्षकको दरबन्दी थप्न आवश्यक भएको औंल्याए पनि समयमा त्यसको पूर्ति नगर्दा विद्यालयमा ठूलो असर परेको छ।

मुलुकमा नौ वर्षदेखि राज्य र राज्यद्वारा आतङ्कारी घोषित माओवादी र संवैधानिक शक्तिबीच द्वन्द्व जारी छ। यसको असर शिक्षा क्षेत्रमा व्यापक परेको छ। शिक्षा क्षेत्रमा हडताल हुनु सामान्य जस्तै भएको छ। त्यतिमात्र होइन, शिक्षकहरूलाई मार्ने, अपहरण गर्ने, विद्यालय आएकालाई जनवादी शिक्षा दिने नाममा अपहरण गर्ने, विद्यालयलाई परेड स्थलमा बदल्ने प्रयासहरू भएका छन्। बालबालिका विद्यालय आउने वातावरण हराउँदैछ। शिक्षाविद् डा.विद्यानाथ कोइरालाले सबैका लागि शिक्षा कार्यक्रम सफल पार्न सबैभन्दा पहिले विद्यालयलाई शान्ति क्षेत्र बनाउनु आवश्यक छ, भन्नुभयो।

विद्यालयमा बालबालिका ल्याउने वातावरण बनाउन जति कठिन छ, त्यत्तिकै कठिन छ उनीहरूलाई विद्यालयमा राखिराख्न। नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष माधवप्रसाद अधिकारीको भनाइ छ, "द्वन्द्वका कारण विद्यालय गएकाहरू पनि फर्किएको अवस्थामा सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पुग्न सक्दैन।"

बालबालिकालाई विद्यालय नपठाउनुका अर्को कारण गरिबी पनि हो। अहिले पनि कूल जनसंख्याको झण्डै पन्ध्र प्रतिशत अति विपन्न वर्गका छन्। विद्यालयमा निःशुल्क शिक्षा भनिएको छ। तर, सरकारी विद्यालयले समेत विभिन्न नाममा शुल्क उठाउन छोडेका छैनन्।

बालश्रम, विद्यालयमा पूर्वाधारको अभाव, विद्यालयमा बालबालिकाबीच विभेद, माओवादी विद्रोह, असहाय तथा अपाङ्गहरूलाई उचित व्यवस्था नहुनु, सबैलाई मातृभाषामा शिक्षा दिन नसक्नु, आमसञ्चार माध्यमलाई प्रभावकारी रुपमा परिचालन गर्न सकिएको छैन। शैक्षिक बजेट कटौती गरी सैनिक खर्चमा थप गरिएको छ। गैरसरकारी निकाय र स्थानीय समुदायलाई प्रभावकारी रुपमा परिचालन गर्न नसक्नु सबैका लागि शिक्षाको उद्देश्य हासिल गर्नमा बाधकका रुपमा देखा परेका छन्।

## मुख्य चुनौतीहरू

- अभिभावकहरूमा विद्यालयमा बालबालिका पठाउनुपर्छ भन्ने चेतनाको कमी।
- अभिभावकहरूको आर्थिक समस्या।
- शिक्षाक्षेत्रमा परेको द्वन्द्वको प्रभाव।

- समुदाय र गैरसरकारी निकायसँग समन्वयको अभाव ।
- शिक्षकहरुमा विद्यालयमा बालबालिका ल्याउनुपर्छ भन्ने भावनाको कमी ।
- केन्द्रमुखी सरकारी सञ्जाल ।
- अस्थिर राजनीति ।
- प्रारम्भिक बालविकासका तालिम प्राप्त सहजकर्ताको अभाव
- जीवनोपयोगी सीप सम्बन्धी तालिममा जनतालाई प्रेरित गर्न र दिशा निर्देश गर्नसक्ने प्रशिक्षकको अभाव ।
- मातृभाषामा शिक्षा दिने विद्यालयहरूको निर्माण र सञ्चालनमा आवश्यक संयन्त्र र स्रोतको कमी ।

सबैका लागि शिक्षा पूरा गर्न अब दश वर्ष बाँकी छ । शिक्षा सचिव विद्याधर मल्लिकका अनुसार सबैका लागि शिक्षा हासिल गर्न सरकारले जनसहभागितालाई निकै जोड दिनेछ ।

### उद्देश्य हासिलमा सहजता

- योजना तथा कार्यक्रमको सही कार्यान्वयन ।
- स्रोत संकलन र त्यसको प्रभावकारी परिचालन ।
- आमसञ्चार माध्यमलाई प्रभावकारी रुपमा परिचालन ।
- शिक्षक, समुदाय, गैरसरकारी निकाय, राजनीतिक दल र विभिन्न नागरिक समाजसँगको समन्वय ।
- द्वन्द्वबाट विद्यालयलाई मुक्त ।
- शिक्षक दरबन्दीको परिपूर्ति ।
- नेतृत्वमा दृढ इच्छाशक्ति ।
- मातृभाषामा शिक्षा दिने कार्यमा तीव्रता ।

सरकारले सबैका लागि शिक्षाको अभियानलाई सहयोग पुग्ने गरी मानव अधिकार घोषणापत्र, सहशताब्दी विकासका लक्ष्यहरू लगायतमा सहमति जनाइसकेको छ । सहमति जनाउनु र योजना बनाउनु मात्र ठूलो कुरा होइन, कार्यान्वयन गरी देखाउनु सबैभन्दा महत्वपूर्ण पक्ष हो । त्यसका लागि सरकारको मात्र बाटो हेरेर हुँदैन, शिक्षाविद् डा.हृदयरत्न बज्राचार्यले भनेझैं सबैक्षेत्रबाट सहयोग पुऱ्याउन पनि त्यतिकै जरुरी देखिन्छ । ■

*(के.सी. कान्तिपुर टेलिभिजनसँग सम्बद्ध छन्)*

## बालिकाहरूलाई

*(बाह्रौं पानाबाट क्रमशः)*

नेपालको विद्यालय शिक्षामा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सँगसँगै बालिका शिक्षालाई प्राथमिकता दिएको पाइन्छ । शिक्षा विभागमा छुट्टै शाखको व्यावस्था गरेर नै अगाडी वढाएको छ । सरकारले सन् २००५ सम्ममा कक्षाकोठामा बालक र बालिकाको संख्या बराबरी तुल्याउने घोषणा गऱ्यो । यो घोषणा गरेको समय पूरा हुँदा यो लक्ष्य पूरा हुन सकिरहेको छैन । सन् २००३ भित्र बालिकाहरू ५६.२ भर्ना भएका छन् बालकहरू ६५.७ रहेको कुरा शिक्षा विभागद्वारा २००४ प्रकाशित शैक्षिक तथ्यांकमा उल्लेख गरिएको छ । धेरै सामुदायिक विद्यालयमा झण्डै बराबरीको संख्यामा बालबालिका देख्न समेत थालिएको छ । त्यसो हुनुमा छोरालाई निजी विद्यालयमा पढाउने र छोरीलाई सामुदायिक विद्यालयमा पढाएका कारण पनि यस्तो देखिने गरेको छ । ठूलो संख्यामा बालकहरू निजी विद्यालयमा जानु र बालिकाको संख्याको हाराहारीमा सामुदायिक विद्यालयमा बालकहरू रहनुले विद्यालयमा पुग्न नसकेका बालिकाको संख्या बस्तीहरूमा ठूलो रहेको अनुमान गर्न सकिन्छ । यो सन्दर्भ विद्यालय आउन नसक्नेहरूका हकमा हो । तर विद्यालय आएर पनि विद्यालय शिक्षा पूरा नगर्नेहरूको संख्या विद्यालय नआउने जतिकै रहेको छ ।

विद्यालय आइसकेका बालिकाहरू जसलाई विद्यालय शिक्षा पूरा गर्ने इच्छा हुँदाहुँदै पनि धेरै समस्या र अप्ठेराहरूले विद्यालय बीचमा नै छोड्न बाध्य हुने गरेका छन् । अभिभावकहरूको समान आयस्तर नहुनाले समानखालको विद्यालय पोशाक नहुनु, बालकहरू विद्यालयको परीक्षामा असफल भएर पनि सोही कक्षामा पढ्न तयार हुने तर बालिकाहरू एकपटक असफल भएपछि लज्जा र हिनत्वबोधका कारण विद्यालय छाड्ने गरेका छन् । कतिपय ठाउँमा पर्याप्त विद्यालय छैनन् । विद्यालय भए पनि कक्षाकोठा र फर्निचरको अभाव छ । जसले गर्दा सुविधासाथ बसेर पढ्न नपाउँदा विद्यालय जान नसक्नेको संख्या ठूलो छ । विद्यालयमा शौचालयको पर्याप्त व्यवस्था नहुँदा विद्यालयमा भर्ना भएर पनि बालिकाहरू नियमित विद्यालय आउँदैनन् । सुरुमा अनियमित ढंगले आउने क्रममा विद्यालय नै छोड्ने वर्गमा पर्दछन् यी बालिकाहरू । यस्तो संख्या तराईमा धेर पाइएको छ ।

समाज र शिक्षक वर्गले बालिकाहरूलाई हेर्ने दृष्टिकोण बालिकाहरूले विद्यालय शिक्षा पूरा नगर्ने अर्को मुख्य कारण हो । विद्यालयमा जाँदा सरदर ७, ८ वर्षकी हुने र १०, ११ वर्षकी बालिकालाई समाजमा रहेका वयस्कहरूले बाटोमा बसेर जिस्क्याउने, विद्यालय जाने बाटोमा पर्ने खोल्सा, जङ्गलमा असुरक्षित देखेर बालिकाहरूलाई विद्यालय छोडाउने अभिभावको संख्या पनि कम छैन । त्यसको अलावा विद्यालयमा शिक्षकहरूले बालिकालाई गर्ने यौनजन्य दुर्व्यवहारका कारण पनि बालिकाहरू जानकारी नै नदिई विद्यालय छोड्ने गरेका कारण पनि उनीहरूले विद्यालय शिक्षा पूरा गर्दैनन् ।

दाजुभाईलाई निजी विद्यालयमा र आफूहरूलाई सामुदायिक विद्यालयमा पढाएर भेदभाव गरेको अनुभव भएपछि, कक्षाकोठामा शिक्षकले बालिकालाई यातना दिंदा पनि फरक ढंगले दिइनु आदि कारण बालिकाले विद्यालय छोड्छन् । यी पक्षहरू बालिका शिक्षाका बाधक बनेका छन् । यस्तै बालिकाहरूलाई विद्यालय ल्याउन र टिकाइ राख्न छात्रवृत्ति दिने कार्यक्रम तय गरेको छ । तर, यो शैक्षिक सत्रका लागि दिएको छात्रवृत्ति अर्को शैक्षिक सत्रमा पाउने भएका कारण प्रभावकारी बन्न सकिरहेको छैन । धेरै ठाउँमा यसको दुरुपयोग समेत भएका छन् ।

राज्यले नीति बनाएर पनि हालसम्म कार्यान्वयनमा ल्याउन नसकेको सबैभन्दा महत्वपूर्ण विषय हो महिला शिक्षक । छोरीलाई पढायो भने विद्यालय शिक्षक आफ्नी छोरी पनि हुन पाउँछिन् भन्ने बारेमा सन्देश दिन सकिरहेको छैन् । यस्ता सन्देशलाई समाजमा राम्रोसँग पुऱ्याउन र स्थापित गराउन सकेको खण्डमा सबै खालका समुदाय नै बालिकाहरूलाई विद्यालय पुऱ्याउन आतुर देखिन सक्छन् । तर, नीति भएर सबैभन्दा बढी समस्या भएका जिल्लाका अधिकांश विद्यालयमा महिला शिक्षक नहुनु पनि समस्या बन्दै आएको छ । ■

*(खड्का शिक्षा पत्रकार समूहसँग सम्बद्ध छन्)*

---

## शिक्षा क्षेत्रमा...

*(आठौं पानाबाट क्रमश)*

- ➩ रेडियोबाट शैक्षिक कार्यक्रमको प्रसारण ४ पटक भएको ।
- ➩ कक्षा छाड्ने विद्यार्थीहरूको लागि प्याकेज विविध तयारी तथा विकाससम्बन्धी कार्य सञ्चालन भएको ।
- ➩ छात्रा भर्नादर कम भएका २० जिल्लामा महिला प्रशिक्षकहरूलाई लैङ्गिक सचेतनासम्बन्धी ३ दिने कार्यशाला ३८ जनाको सहभागितामा सम्पन्न ।
- ➩ ७० जिल्लाको जिल्ला शिक्षा योजना तथा ६५ जिल्लाको विद्यालयस्तरीय शैक्षिक तथ्यांक तयारीसम्बन्धी कार्यशाला सम्पन्न भएको ।
- ➩ अध्ययन अनुसन्धानका ४ वटा विषयअनुसारका TOR निर्माण, स्वीकृत तथा वितरण कार्य सम्पन्न भएको ।
- ➩ १७२ वटा विद्यालय तहहरूको व्यवस्थापन समुदायमा हस्तान्तर गर्ने कार्य सम्पन्न भएको ।
- ➩ सघन सहयोगमा परेका १४ वटा विद्यालयका ११ प्रावि शिक्षकलाई थप अनुदान दिने कार्य सम्पन्न भएको ।
- ➩ दलित, उत्पीडित र गरिबीको रेखामुनी परेका १०७० जना विद्यार्थीहरूलाई छात्रवृत्ति अनुदान वापत्को रकम प्रदान गर्न विद्यालयमा अख्तियारी पठाउने कार्य सम्पन्न भएको ।
- ➩ सघनमा परेका ५९ वटा विद्यालयलाई गैससमार्फत् प्रदान गरिने सहयोगका लागि प्रति विद्यालय ५० हजारका दरले अख्तियारी तयार गर्ने कार्य भएको ।
- ➩ विश्व बैंकका सल्लाहकार र शिक्षा विभागका कर्मचारीमार्फत् विभिन्न विद्यालयमा सहयोग तथा प्रगति समीक्षा भएको ।
- ➩ तेस्रो पक्षसँग सम्झौता गरी कार्यक्रमको अनुगमन गर्न TOR तयार गरी प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको बोलपत्र आह्वान गरिएको ।
- ➩ मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम अन्तरगत ७ जिल्लाका २७ गाविस हरूका १५,४६३ जना गर्भवती तथा सुत्केरी महिलाहरू र ३ वर्ष मुनिका बच्चाहरूलाई न्यूट्रिमिक्स प्रदान गर्ने लक्ष्य रहेकोमा ६,५८९ गर्भवती तथा सुत्केरी महिलाहरू र ३ वर्ष मुनिका बच्चाहरूले न्यूट्रिमिक्स प्राप्त गरी ४३ प्रतिशत प्रगति भएको छ । यस महिनामा २७ गाविसमध्ये १० गाविसमा मात्र वितरण भएको ।
- ➩ खाद्यान्न वितरणमा १३९४ मेट्रिक टन वितरण गर्ने यस अवधिको लक्ष्य रहेकोमा ९६२ मेट्रिक टन वितरण गरी ६९ प्रतिशत प्रगति भएको छ ।
- ➩ कार्यक्रम सञ्चालन भएका निम्न जिल्लाहरूमा कार्यक्रमको अनुगमन निरीक्षण गरिएको । (रुपन्देही, सोलुखुम्बु, उदयपुर, धुनषा, सिराहा, मोरङ, धादिङ, कैलाली, बर्दिया र सुर्खेत)
- ➩ पूर्वाञ्चल विकास क्षेत्रमा जिल्ला शिक्षा अधिकारीहरू शैक्षिक तालिम केन्द्र प्रमुखहरू एवम् तालिम प्रदान गर्ने वैकल्पिक संस्था प्रमुखहरूका लागि कार्यक्रम कार्यान्वयन तथा योजनासम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न ।
- ➩ ८ वटा मातृभाषाका पाठ्यपुस्तक प्रकाशन ।
- ➩ Skill for Employment नामक आयोजनाको लागि रकम रु. १ अर्ब ४१ करोड ३० लाख ऋण सहयोगको लागि एसियाली विकास बैंकसँग सम्झौता सम्पन्न ।
- ➩ स्थायी अध्यापन अनुमति पत्रको लागि विज्ञापन प्रकाशित गरिएको ।
- ➩ ५ वटै क्षेत्रीय शिक्षा निर्देशनालयमार्फत् कासमूबाट हुने बढुवासम्बन्धी कार्य भैरहेको र पूर्वाञ्चलको निमा/माविको नतिजा प्रकाशन भएको । ■

# शिक्षा पत्रकार समूहमा नयाँ कार्यसमिति

काठमाडौं । यही फागुन २ गते समूहको सभाकक्ष अनामनगर काठमाडौंमा सम्पन्न भएको शिक्षा पत्रकार समूहको चौथो साधारणसभाले आगामी २ वर्षका लागि समूहको नयाँ कार्यसमितिको चयन गरेको छ । ११ सदस्यीय नवनिर्वाचित कार्यसमितिको अध्यक्षमा सुदर्शन घिमिरे हुनुहुन्छ । उहाँ यसअघि उपाध्यक्ष हुनुहुन्थ्यो । कार्यसमितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्षमा राजाराम गौतम, महासचिवमा पदम गौतम, सचिवमा एमडी कुलुङ, कोषाध्यक्षमा भूपराज खड्का हुनुहुन्छ । यस्तै कार्यसमितिका सदस्यहरूमा, गणेश बस्नेत, अर्जुन खड्का, निर्जला कक्षपति, प्रकाश सिलवाल, भरत शर्मा र गणेश राई हुनुहुन्छ । यसअघिको कार्यसमितिको अध्यक्ष हरि थापा हुनुहुन्थ्यो ।

सोही सभाले निवर्तमान कार्यसमितिकातर्फबाट पेस गरिएका प्रगति र आर्थिक प्रतिवेदनहरू सामान्य सुझावसहित पारित गरेको थियो ।

**सल्लाहकारहरूको मनोनयन**

साधारणसभाको भोलिपल्ट बसेको समूहको नवगठित कार्यसमितिको पहिलो बैठकले शिक्षाविद्हरूमध्येबाट ६ जना र २ जना पूर्व अध्यक्षसहित जम्मा ८ जना सल्लाहकारहरू मनोनीत गरेको छ । सल्लाहकार मनोनीत शिक्षाविद्हरूमा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमा, त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू डा. मनप्रसाद वाग्ले, डा. विद्यानाथ कोइराला, डा. तीर्थराज खनियाँ, डा. मीनबहादुर विष्ट र त्रिवि शिक्षा विकास तथा अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक डा. हृदयरत्न बज्राचार्य हुनुहुन्छ । माथेमा र विष्ट बाहेक सबै शिक्षाविद्हरू समूहको स्थापनाकालदेखि नै सल्लाहकारमा रहँदै आउनुभएको छ । यसैगरी समूहका संस्थापक अध्यक्ष राजन शर्मा र निवर्तमान अध्यक्ष हरि थापा पनि सल्लाहकारमा मनोनीत हुनुभएको छ । ■

---


## शैक्षिक अन्तरक्रिया

तत्काल उठेका शिक्षाका मुद्दाहरू तथा शिक्षाका गहन मुद्दाहरूलाई समेट्दै विज्ञहरू, सरोकारवालाहरू, सरकारी पक्ष र पत्रकारहरूबीच हरेक हप्ता एक विषयमा अन्तरक्रिया हुनेगर्छ । तपाई पनि सो अन्तरक्रिया कार्यक्रममा सहभागी भई आफ्नो विचार राख्न सक्नुहुन्छ ।

कार्यक्रमबारे थप जानकारीका लागि
फोन: ४२५७६५५
फ्याक्स: ४२१८६८६
इमेल: interaction@ejg.org.np

## हल उपलब्ध छ

पत्रकार सम्मेलन, गोष्ठी, छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गर्नको लागि हल चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । उचित मूल्यमा ७० जनासम्म अट्ने क्षमता भएको हल उपलब्ध छ ।

शिक्षा पत्रकार समूह
फोन: ४२५७६५५
इमेल: info@ejg.org.np

## हाम्रो अनुरोध

जूनकीरी
मासिक भित्ते पत्रिका

'जूनकीरी' शिक्षा पत्रकार समूहको मासिक प्रकाशन हो । समाजमा शिक्षाको जागरण ल्याउने उद्देश्यले हामीले करिब दुई वर्ष अघि यसको प्रकाशन प्रारम्भ गरेका हौं । बालिका शिक्षामा केन्द्रित रहेर जूनकीरीका धेरै अंकहरू प्रकाशित भए । यसलाई ग्रामीण क्षेत्रका उत्साही किशोर पुस्ताले प्रेरणाको रुपमा लिएको हामीले पायौं । हाल यो पत्रिका पाँचथर, सुनसरी, मोरङ, सप्तरी, उदयपुर, पर्सा, कास्की, पाल्पा, तनहुँ, कपिलवस्तु, दाङ, काभ्रेपलाञ्चोक, चितवन, नवलपरासी, बाँके, हुम्ला, बर्दिया, डडेल्धुरा जिल्लाका गाउँहरूमा वितरण हुँदै आएको छ । तपाई पनि हामीसाँग हातेमालो गर्दै शिक्षालाई गाउँसम्म बहसको विषय बनाएर केही गर्ने प्रयत्नमा हुनुहुन्छ भन्ने हामी अपेक्षा गर्दछौं । अतः तपाईं पनि जूनकीरी पढ्न र पढाउन इच्छुक हुनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस् । हामी निःशुल्क पत्रिका उपलब्ध गराइदिनेछौं ।

सम्पर्कको लागि हाम्रो ठेगाना
शिक्षा पत्रकार समूह
पो.ब.नं. २१८४३, अनामनगर, काठमाडौं
फोन: ४२५७६५५, फ्याक्स: ४२१८६८६
ईमेल: junkiri@ejg.org.np


## पुस्तक




**टेकोले धानेको घर** *शिक्षा पत्रकार समूहले हालै मात्र बजारमा ल्याएको पुस्तकको नाम हो । शिक्षाका मुद्दामा धुलिखेल, पोखरा, र विराटनगरमा सम्पन्न पत्रकारहरूको अभिमुखीकरण पछि त्यसमा संलग्न पत्रकारहरूले गरेको रिपोर्टिङ्ग समाविष्ट गरेर नै यो पुस्तक तयार भएको हो । पुस्तकमा नीति निर्माण तहको मुद्दा देखि जिल्ला र समुदाय स्तरका विभिन्न विषयमा गरिएका ४० वटा फिचर-लेखहरू छन् ।*

*पुस्तकमा नेपालको वास्तविक शैक्षिक अवस्था, दूरदराजमा शिक्षाका सुक्ष्म तर महत्वपूर्ण समस्याहरू, नीति निर्माण तथा कार्यान्वयनका कमी कमजोरीहरू र राजनीतिक छायाँले गुणात्मक तथा आवश्यक शिक्षाप्रति गरेको वेवास्तालाई चित्रण गरिएको छ ।*

*पुस्तकमा विद्यालय र शिक्षा सुधारमा विद्यालय नक्साकंन, समुदायको सक्रियता, मन्त्रालयको उत्तरदायित्व, मातृभाषामा शिक्षा, पाठ्यपुस्तकको सर्वसुलभता, र राजनीतिक प्रभावको भूमिकामाथि वैयक्तिक अध्ययन पद्धतिको माध्यमद्वारा सरल तर वृहत व्याख्या भएको छ । शिक्षक तालिम, शिक्षक आयोग गठन, दलित शिक्षा, बालिका शिक्षा, पाठ्यक्रम, विद्यार्थी राजनीति, अनौपचारिक शिक्षा, विद्यालय सम्पत्ति, एवं अनुशासन र दातानिर्भर हाम्रो मनोवृत्ति बारेमा कमीकमजोरी र रोकथामको लागि अप्नाउनु पर्ने पक्षहरूको पनि पुस्तकमा चर्चा गरिएको छ ।*

*पुस्तक नीति निर्माता, प्रशासक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विद्यार्थी, शिक्षक, अभिभावक र शिक्षामा सरोकार राख्ने सबैको लागि उपयोगी हुने देखिन्छ ।*

| | | |
|---|---|---|
| पुस्तक | : | टेकोले धानेको घर |
| प्रकाशक | : | शिक्षा पत्रकार समूह |
| पृष्ठ संख्या | : | १०+६+२०५ |

● दीपकराज सुवेदी


## 'टेकोले धानेको घर'

सर्वत्र बजारमा उपलब्ध छ ।

मूल्य रू. १२० /- मात्र

## प्रकाशकीय

नेपालमा शिक्षा क्षेत्रको दायरा प्रतिदिन फराकिलो हुदै गैरहेको छ । परिणामस्वरुप यस क्षेत्रमा गतिविधिहरू पनि त्यसैगरी बढिरहेका छन् । सन् २०१५ सम्ममा सबैका लागि शिक्षा दिने विश्व-लक्ष्यमा नेपालले पनि प्रतिबद्धता जनाएपछि यस क्षेत्रका गतिविधिहरूले झन् व्यापकता पाएका छन् । सरकारी स्तरमा होस् या गैरसरकारी क्षेत्रमा, प्राथमिक विद्यालयको तहमा होस् वा विश्वविद्यालयको तहमा, जुन सुकै तह र क्षेत्रमा भएका महत्वपूर्ण गतिविधिहरू न एकै ठाउबाट जानकारी प्राप्त गर्न सकिन्छ, न त एउटै प्रकाशनमा समेटिएको पाईन्छ । नीति निर्माता र प्रशासक देखि अनुसन्धानकर्ता र पत्रकारसम्म, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू देखि स्थानीय स्तरका सरोकारहरू सम्मलाई यसको टड्कारो अभाव लामो समय देखि खट्किँदै आएको छ । शिक्षा पत्रकार समूहले त्यही अभावलाई पूरा गर्ने मुख्य ध्येय राखेर यो बुलेटिन प्रकाशन गर्न अग्रसर भएको हो ।

यस बुलेटिनमा शिक्षा क्षेत्रका गतिविधि मात्र होइन, सरकार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैससहरूको भावी योजना र कार्यक्रमहरू पनि समाविष्ट गरिनेछ । त्यस्तै, राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा प्रकाशित शिक्षा सम्बन्धी समाचार, फिचर, लेखहरू सम्प्रेषणलाई विविध ढङ्गले विश्लेषण गर्ने र चुनिन्दा एउटा लेख या समाचार साभार गरिने छन् । विभिन्न संस्थाहरूले शिक्षाका विभिन्न विषयहरूमा गरेका अध्ययन-अनुसन्धानले उजागर गरेका तथ्य र ल्याएका नयाा विचारहरूको सारसंक्षेप पनि समाविष्ट हुनेछ । यसैगरी शिक्षाको नीति निर्माण र कार्यान्वयनको कुरासाग सम्बन्धित बजारमा नयाा पुस्तकहरू आएमा सोको पनि जानकारी दिने प्रयास गरिनेछ ।

हाम्रो यो प्रकाशनले नीति निर्माता, गैसस, विकासे कार्यकर्ता, शिक्षक, अनुसन्धानकर्ता, पत्रकारलगायत सबै सरोकारवालाहरूलाई लाभ पुग्नेछ भन्ने हाम्रो ठम्याई छ । हाम्रो यो होस्टेमा हैंसे गरिदिई यस प्रयासलाई सफल पारिदिनुहुनेछ भन्ने हामीले विश्वास गरेका छौं । यस बुलेटिनलाई अझ उपयोगी बनाउन विद्धत पाठक वर्गबाट रचनात्मक सुझावको अपेक्षा गरेका छौं ।

शिक्षा पत्रकार समूह, अनामनगर
काठमाडौंद्वारा प्रकाशित
पो.ब.नं. २१८४३, फोनः ४२५७६५५
फ्याक्सः ४२१८६८६, इमेलः bulletin@ejg.org.np
वेबसाइटः www.ejg.org.np
लेआउटः विपेन्द्र घिमिरे
मुद्रणः डिजिटेक डिबार प्रिन्टिङ प्रेस प्रा.लि.
सम्पादनः सुदर्शन घिमिरे

# बालिकाहरूलाई शिक्षा दिने हो ?

● *भूपराज खड्का*

- कपिलवस्तु जिल्लाको हरिहरपुर गाविसका विष्णु घिमिरे आफ्ना तीन छोरीलाई नियमित विद्यालय पठाउँछन् । धेरै पहिले कक्षा दशसम्मको अध्ययन आफूले पनि पूरा गरेका घिमिरे दुई छोरालाई भने उनले बोर्डिङमा पढाउँछन् भने छोरीहरूलाई सामुदायिक विद्यालयमा । छोरीलाई विद्यालय सम्म पठाएर केही हदसम्म फरक भने देखाएका छन् । समाजमा छोरीहरूलाई हेर्ने आम मान्यतामा भने खासै फरक छैन उनको पनि । छोरीहरूलाई किन विद्यालयमा पढाउनुहुन्छ भनी सोद्धा उनी सहज रुपमा जवाफ दिदैं भन्छन्, "समाजमा छोरीहरूलाई पढाउँदैछ भन्ने देखाउन र जसैतसै एसएलसी पास गराउन सकै सजिलै विवाह हुन्छ र सुयोग्य वर पनि पाइन्छ ।"
- कपिलवस्तुकै हथिहवाका शिवराम यादव आफ्ना चार छोरीहरूलाई विद्यालय पठाउँदैनन् । तर दुई छोरालाई भने नियमित विद्यालय पठाउने गरेका छन् । उनलाई छोरीहरूलाई विद्यालय पठाउने अलिकति मन पनि छ । तर, विद्यालय नियमित ढंगले पठाएपछि सोही अनुसारको विवाहको लागि वर नपाइने हो कि भन्ने डर छ भन्दै भन्छन्, "वर पाइयो भने पनि जति पढ्यो त्यति दहेज दिनुपर्ने चलन छ । त्यसैले दहेज दिन नसक्ने भएका कारण मन हुँदाहुँदै पनि छोरीहरूलाई विद्यालय पढाउन सकिन् । उनी अहिले पढ्ने खर्च जुटाउनुलाई खासै समस्या ठान्दैनन् । तर, पढिसकेपछि आउने दहेज माग हुने समस्याको भूतले बढि सताएको कारण छोरी पढाउन नसकेको बताउँछन् ।
- कपिलवस्तुकै हशरथ अन्सारी आफ्ना दुई छोरी मद्रसामा पढाउँदा पढाउँदै नजिकै सञ्चालन गरिएको सामुदायिक विद्यालयमा पढाउँदैछन् । "सबैले छोरीलाइ पनि विद्यालय पठाउ भन्यो र पठाउँदैछु," उनी यसै भन्छन् । गाउँको वडाध्यक्ष समेत भइसकेका अन्सारी छोरी कहिलेसम्म पठाउनु हुन्छ भनेर कसैले सोध्यो भने थाहा छैन भनि जवाफ दिन्छन् । पम्पिरागत तराईको समाजमा रजश्वाला हुनुभन्दा पहिला छोरीको मगनी भएमा बालविवाह गरिदिने सोचाइ पनि उनले त्याग्न सकेका छैनन् । उनी भन्छन्, "मगनी भएको छैन । मगनी भयो भने रजश्वाला हुनुभन्दा अगाडि छोरीको विवाह गरिल्याउने चलन छ । राम्रो भए र दुलहा तर्फका व्यक्तिहरूले पनि चाहेमा विवाह गरेर पनि गौना नगरुन्जेल पढाउन पनि सकिन्छ ।"

यी तीन व्यक्तिहरूले व्यक्त विचार र भनाईबाट नेपाली समाजमा बालिकाहरू र उनीहरूको शिक्षा पाउन कति दुरुह छ भन्ने कुरा सहज अनुमान गर्न सकिन्छ । माथी उल्लेखित विषय आ-आफ्ना ठाउँमा महत्व राख्ने खालका छन् । आफ्ना बालिकाहरूलाई विद्यालय पठाउन सक्ने आर्थिक हैसियत हुनेहूको त्यो अवस्था छ भने आर्थिक अवस्था नहुनेका अभिभावकहरू यी गलत मान्यता अँगालेर अगाडी बढ्नुलाई अश्वभाविक मानिदैंन । किनकि पढाउन सकिएन भनेर भन्नु भन्दा समाजलाई बाधक देखाउनु नै वेस मान्ने गरिएको छ । बालिका शिक्षामा एकदमै कमजोर रहेका तराईका दश जिल्लामध्ये एक कपिलवस्तुका तीन अभिभावकका विचारले नेपालकी समाजको आधकांश हिस्सालाई समेट्न सक्छ । यस जिल्लामा ४८ प्रतिशत बालिका विद्यालय गएको शैक्षिक तथ्यांकले देखाएको छ । दक्षिणी क्षेत्रका कारण २०, २२ प्रतिशत मात्र भर्नादर रहेका गाविसलाई समेत ढपक्कै ढाक्ने गरेको छ । जसले गर्दा ठूलो हिस्सा विद्यालय नआउँदा पनि राज्यलाई हेर्दा प्रगति राम्रै देखाएर सरकारी निकाय वसीरहेको छ ।

तराईमा वसोवास गर्ने पहाडे मूलका व्यक्तिहरू जो छोराछोरीलाई विद्यालय पठाउने समुदायका रुपमा लिने गरिन्छ, त्यहाँ बालिकालाई स्वावलम्बी र आत्मनिर्भर वनाउने लक्ष्य अधिकांश अभिभावकले लिएको पाइदैंन । विवाहको लागि सुयोग्य वरको लागि मात्र पढाउने अभिभावकले वालिकाहरूलाई विद्यालय पठाउने संख्या ठूलो रहेको पाइएको छ । त्यसैगरी तराईबासी समुदायमा छोरीलाई पढाएको खण्डमा सोही अनुसार दहेज दिनुपर्छ भन्ने मान्यता राखेर अधिकांश व्यक्तिहरू बालिकालाई विद्यालय पठाउँदैनन् । तर दहेज वढीनै पाउने आशामा वालकलाई भने आनवार्य रुपमा विद्यालय अभिभावकले पठाउने गरेको देखिन्छ । मुस्लिम समुदाय आफ्नो धार्मिक शिक्षा छोराछोरीलाई समान रुपमा दिने गर्दछन् । जसले मूलधारको शिक्षा दिएमा के फाइदा हुनसक्छ भन्ने मान्यता स्थापित हुन नसक्दा विलकुल शिक्षालाई दायजोसँगमात्र जोडेर हेरिने गरिएको छ । जसले गर्दा सानैमा विवाह गरिदिनु समस्या समाधनका रुपमा अभिभावकहरूले लिने गरिएको पाइन्छ ।

*(बाँकी दशौं पानामा)*

## बुलेटिन पाउनेको ठेगाना

**नाम** : ..............................................................................

**ठेगानाः** ..........................................................................

..............................................................................................

..............................................................................................